# अध्याय एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभुमि

सामान्यतया रोजगारी भनेको दुई पक्ष विचको सम्झौता हो (रोजगार दाता र कामदार) यसमा एउटा पक्ष कामदार को रुपमा रहेको हुन्छ भने अर्को पक्ष मालिकको रुपमा रहेको हुन्छ । रोजगार दाताले रोजगारी दिएबापत निश्चित रकमको सम्झौता गरेको हुन्छ । उक्त परिभाषाको आधारमा घरेलु कामदार भन्नाले घरभित्र सम्पादन गरिने कार्यलाई बुझिन्छ । जुन कार्य सम्पन्न गर्दा घरको प्रमुख व्यक्तिको नियन्त्रण निरिक्षण भित्र रहेर कार्य सम्पन्न गर्ने गरिन्छ (ILO, 2012: 103-104) ।

प्राप्त काम गर्ने उमेर भएका महिलाहरु नियमीत रुपमा तलब लिएर वा नलिकन पनि आफ्नो परिवार बाहेक अरु कुनै व्यक्तिको घरेलु काम धन्दामा संलग्न हुने कार्यलाई नै घरेलु महिला कामदार भनिन्छ" । जस भित्र घर सफा गर्ने, खाना पकाउने, भाडा धुने, लुगा मिलाउने, धुने, घरका बालबालिकाको हेरचाह गर्ने तथा विद्यालय पुऱ्याउने र ल्याउने लगाएतका अन्य कामहरु पर्दछन् ( निड्स,२००८: ४५–४७) ।

घरेलु महिला कामदार भन्नाले एउटा अति सिमान्तकृत समुहको कामदारलाई बुझिन्छ । जसले घर परिवारमा खाना पकाउने, घरको रेखदेख गर्ने, करेसाबारी तथा बगैचामा काम गर्ने, बचचा तथा बृदाको स्याहार सुसार गर्ने, घरको सरसफाई सम्बन्धी काम गर्ने, घरपालुवा जनावर हेर्ने आदि कार्य सम्झनु पर्दछ (Ilo,2016)।

घरेलु महिला कामदारको परिभाषा विभिन्न देशमा रहेको समाजको नीति नियम अनुसार फरक फरक हुन्छ । ढुङगे युगदेखि नयाँ नयाँ आविष्कार र विकासलाई पछ्याउँदै आजको वर्तमानको विज्ञान र प्रविधिको युगसम्म आई पुग्दा मानव जीवनले पुरै कोल्टे फेरिसकेको छ अर्थात् मानव विकासक्रमलाई हेर्दा जंगली वर्वर युगबाट विस्तारै समय, वातावरण र परिवेश अनुसार विस्तारै वागवानी, कृषि र औद्योगिक समाजमा परिवर्तन हुँदै आजको सभ्य र सुन्दर मानव समाजको विकास भएको पाईन्छ । यसरी समाज विकासको क्रममा मानिसले आफु अनुकुलका विभिन्न भौतिक र आत्मिक संस्कृतिको पनि निर्माण गर्दै आएको छ । आज एकातिर मानव समाज सभ्यताको शिखरतिर उन्मुख छ भने अर्कोतिर समाजमा अशान्ति, अराजकता, गरीवी, वेरोजगारी,

भोकमरी, रोग र अशिक्षा जस्ता कुराबाट मुक्त हुन सकेको छैन् । यस्ता सामाजिक विकृति र विसंगतिबाट प्रत्यक्ष तथा परोक्ष रूपमा महिला तथा बालबालिकाहरु प्रभावित छन् ।

राष्ट्रिय योजना आयोग, (२०६५) का अनुसार घरेलु महिला कामदार विश्वव्यापी रुपमा जहाँतही पाउन सकिन्छ । यस्ता घरेलु कामदारका रुपमा प्रायजसो बिहान काम गरी बेलुका छाक टार्ने अथवा हुँदा खाने सिमान्तकृत समुहका महिला पाउन सकिन्छ । यिनिहरुले व्यक्तिका निजी घरमा काम गर्नुपर्ने हुन्छ । हालको तथ्याङ्कलाई हेर्दा विश्व्यापी रुपमा ६७ करोड घरेलु कामदार रहेको पाउन सकिन्छ । जसमा पुरुष कामदारहरु धेरैजसो ड्राइभर, औधोगिक क्षेत्रमा, होटल, रेष्टुरेण्ट, आदिमा रहेको देखिन्छ । विश्व परिवेशमा हेर्दा ८० प्रतिशत महिला घरेलु कामदारका रुपमा कार्यरत छन् । जसमा घर सफा गर्ने, खाना बनाउने, भाडा धुने, लुगा आइरन गर्ने, बच्चाबच्चीको हेरचाह गर्ने, परिवारमा बुढाबुढी अथवा बिरामीको हेरचाह गर्ने गरेको पाईन्छ । यस्तो काम दिनभर, एक दुई घण्टा वा बषौसम्म अर्काको घरमा बसेर पनि गर्ने गर्दछन् । घरेलु कामदारको रुपमा कार्यरत महिलाको कामको कुनै समय हुँदैन । उनिहरुले जुन कुनै समयमा पनि काम गरिरहनु पर्दछ ।

F. Engles,(1972) का अनुसार घरेलु कामदार राख्ने प्रचलन सर्बप्रथम कहिले र कहाँबाट शुरु भयो भन्ने एकिनका साथ भन्न सकिदैन । विशेष रुपले यसको अध्ययन भएको पाइदैन । तर विभिन्न ऐतिहासिक काल र तत्कालिन अवस्थामा रहेको अध्ययन अनुसन्धान अनुसार अहिले काम गर्ने शैली र स्वरुपमा परिवर्तन हुँदै आएको पाइन्छ । खास गरेर दास युगको अभ्युदय भएपछि जब मानिसलाई बेचबिखन र पशुवत अवस्थाको व्यवहार गर्ने परम्परा शुरु भयो त्यहीबाट स्वतन्त्र मानव जीवनको अस्थित्व समाप्त भयो । यसरी मानिसलाई बेचबिखन गर्ने, मालिकको ईच्छा अनुसारको सेवामा सम्पुर्ण जीवन अर्पण गर्नु पर्ने परम्परालाई बर्तमान “घरेलु नोकर” राख्ने चलनको जननी मान्न सकिन्छ । दास बिद्रोहसँगै दास युगको समाप्ती भयो र सामन्ती युगले प्रवेश गऱ्यो । कानुनी रुपले यस युगका मानिसको किनबेच त भएन तर उसको अवस्थामा परिवर्तन हुन सकेन । किनभने उसको श्रमको उचित मुल्य पाउन सक्ने अवस्था जन्मन सकेको थिएन । सिमित ज्याला वा केही सुविधाको भरमा उसले श्रम गर्नु पर्दथ्यो, घरायसी नोकरका रुपमा उत्पादनका साधनहरु सिमीत सामन्त बर्गको हातमा केन्द्रित रहने हुनाले निम्न बर्गका सम्पुर्ण मानिसहरुले उनीहरुको घरमा श्रम बेचेर बाच्नु पर्ने स्थिती बन्यो । घरेलु कामदार हली, गोठाला, खेताला जुन रुपमा भए पनि उनीहरु उच्च सामन्ती बर्गको नोकर सिवाय अरु केही थिएनन् । यसरी काम गर्न बिवश भएका नोकरहरु पुरुष मात्र नभएर महिला तथा केटाकेटीहरु पनि थिए ( F. Engles,1972 : 104–107)।

आचार्य (२०६६) का अनुसार घरेलु महिला कामदारका सन्दर्भमा कुरा गर्दा मानव इतिहासको सुरूवातसम्म जानुपर्ने हुन्छ । विभिन्न ऐतिहासिक काल र तत्कालिन अवस्थामा रहेको अध्ययन अनुसन्धान अनुसार निजि सम्पतिको उदयसँगै महिलाहरु अर्कोको घरमा घरेलु कामदारका रुपमा काम गर्दै आएको पाइन्छ ।  घुमन्ते युगदेखि नै महिलाहरू सामान्य घरायसी काम कन्दमुल बटुल्ने, बालबच्चा, हुर्काउने, खानाको व्यवस्था गर्ने र पुरुषहरू शिकार गर्ने कार्यमा संलग्न भएको हुँदा पुरुषको प्रभुत्व भएको पाईन्छ । त्यस्तै कृषि युगमा आइपुग्दा महिलाहरूको बाहिरी घुमफिर गर्ने स्वतन्त्रता कटौति गर्न थालियो र आर्थिक, सामाजिक, धार्मिक तथा राजनैतिक क्षेत्रमा पुरुषहरूको नियन्त्रण बृद्धि भयो । अझ पुँजीवादी उत्पादन अवस्थामा महिलाहरूको शोषण हुन थाल्यो । मानव विकासको प्रारम्भबाटै महिलाहरु घरेलु कामदारका रुपमा कार्यरत रहेको पाईन्छ तर प्रारम्भ युगमा भने हालै जस्तो अमानवीय, निन्दनीय, क्रुर र उत्पीडन व्यवहारहरू घरेलु महिला कामदारलाई खासै भएको पाइदैन । जव प्रारम्भ युगबाट मानिसहरू दास युगमा प्रवेश गरे तव घरेलु महिला विरूद्ध हिंसाको सुरूवात भएको पाईन्छ । दास युगमा महिलाहरूलाई दासको रूपमा व्यवहार गर्न सुरूवात भयो । र निजी सम्पत्तिको उदयसँगै महिलाहरूलाई पुरुषको खेलौना, भोग विलासको साधनको रूपमा पनि प्रयोग गरियो । यसरी गरिवी र हिंसा उनीहरूको जीवनको एक्कै सिक्काका दुई पाटा भएका छन् । नेपालमा थुप्रै घरेलु महिला कामदार जोखिमयुक्त बातावरणमा काम गर्न बाध्य छन् ( ओझा,२०५६)।

समग्र शोधपत्रलाई हेर्दा बिशेष गरी काम गर्न सक्ने सक्षम उमेर समुहका, हिन्दु धर्मप्रति बढी आस्था राख्ने, सिमान्तकृत समुहका र बढी मात्रमा जनजाति महिला घरेलु कामदारका रुपमा सक्रिय रहेको देखियो । घर परिवारको कमजोर आर्थिक अवस्था, धेरै सन्तान भएका कारण, अपहेलना, तिरस्कार तथा श्रीमानको मृत्यु हुनु जस्ता कारणले गर्दा अर्काको घरमा विभिन्न श्रममा संलग्न हुन तथा निकृष्ट श्रम गर्न बाध्य छन् । घरेलु महिला कामदारसँग जोडिएका माथिका विषयबस्तुहरूलाई उजागर गर्न प्रस्तुत अनुसन्धानलाई मुख्य विषयबस्तु बनाईएको छ । उक्त क्षेत्रका महिलाहरू घरेलु कामदार हुनुपर्ने मुख्य कारण र समस्याका भोग्नुका पछाडी के कस्ता प्रथा, संस्कार, परम्परा, मुल्य मान्यता र सामाजिक, र आर्थिक कारणलाई लिई अध्ययन क्षेत्रका महिलाको स्वास्थ्यमा कस्तो असर परेको छ भन्ने कुराकलाई प्रस्ट्याउन यो अध्ययन केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

यस शोधपत्र घरेलु महिला कामदार : कारण र समस्याहरु भन्ने बिषयमा केन्द्रित रहेर अध्ययन गर्न खोजिएको छ । हुनत यस शिर्षकलाई केन्द्रबिन्दु बनाएर पहिले पहिले धेरै सोध तथा अनुसन्धान नभएका पनि होइनन् तर पहिले पहिले भएका सोध तथा अनुसन्धानबाट घरमालिकले घरेलु महिला कामदारलाई नराम्रो व्यवहार गर्ने, विभिन्न गाली गलौज तथा यौन हिंसा जस्ता व्यवहार गरेको भन्ने पाईयो । यस बिषयलाई लिएर मैले घरेलु महिला कामदार बन्नु पर्नाका कारणहरु के–के हुन् ?घरेलु महिला कामदार र घरमालिक बिचको सम्बन्ध सकारात्मक वा नकारात्मक कस्तो छ ? भन्ने सन्दर्भमा यो शिर्षकमा रहेर अध्ययन अनुसन्धान गर्दा सकारात्मक तथा नकरात्मक दुवै पाटो देखियो । कतै घरमालिकले घरेलु महिला कामदारलाई विभिन्न गाली, गलौज, यौन हिंसा तथा दुर्व्यवहार गरेको देखियो भने कतै आफ्ना सन्तान, छोराछोरी जस्तै गरी माया, ममता गर्ने, खान, लाउन, शिक्षादिक्षा, समयमै तलब दिने, आराम गर्न दिने जस्ता राम्रो व्यवहार तथा सकरात्मक व्यवहार गरेको पनि देखियो । नेपालमा बढ्दै गएको जनसंख्या र औद्योगिकरणको कमीले गर्दा वेरोजगार ठूलो समस्याको रुपमा रहेको छ । घरेलु महिला कामदारको लागी छुट्टै किसिमको राष्ट्रिय निति नभएका कारण विभिन्न स्थानमा गए पछि उनीहरुको मानव अधिकार, मौलिक हक, श्रम अधिकार संरक्षित हुन सकेको छैन यसको साथै महिला तथा बालबालिका सम्बन्धी बनेका नितिले घरेलु कामदारलाई सम्बोधन नगर्ने भएकाले शारिरिक, आर्थिक, मानसिक तथा सामाजिक असुरक्षाको जोखिमबाट पिडित हुनु परेको कुरा विभिन्न पत्रपत्रिका र संचारमाध्यमले बाहिर ल्याएको पाईन्छ ।

नेपाली समाजमा घरेलु कामदार महिला एउटा ठुलो समस्याको रूपमा रहेको छ । अशिक्षा, वेरोजगारी, गरिबी, सामाजिक कुरिती, द्वन्द्ध तथा पारिवारिक कलह र प्राकृति प्रकोप आदिका मारबाट महिलाहरुले शहर पस्न बाध्य भई स–साना उद्योग, कलकारखाना, कृषि, होटल तथा रेष्टुरेन्ट र घरेलु कामदारका रूपमा संलग्न हुन्छन् । महिलाहरु आफू बाँच्नका लागि र छोराछोरीको शिक्षा, स्वास्थ्य, खाना र पालन पोषण गर्नका लागि अरु कसैको घरमा वा होटल र कलकारखानामा काम गर्न बाध्य भएको देखिन्छन् ।

घरेलु कामदार महिलाले नेपाल भित्रका विभिन्न स्थानमा काम गर्दा विभिन्न चरणमा के कस्ता समस्या तथा चुनौतीको सामना गर्नुपरेको छ, त्यसका कारणहरु के हुन सक्दछन् भन्ने विषयमा विभिन्न संघसंस्था, संचार माध्यम तथा मानवअधिकार विभिन्न क्षेत्रबाट यसमा आवाज उठाएता पनि यस विषयमा गहिराईमा पसेर शैक्षिक र समाजशास्त्रीय हिंसाका घटना तथा काममा

जानुपुर्व पारिवारिक रुपमा गरिने निर्णय देखि लिएर कार्यक्षेत्रमा पुगीसकेपछि र काम गरेर फर्किसकेपछि परिवारमा समायोजन हुने अवस्था सम्मका जति पनि महिलाले भोग्नु परेका समस्याहरु छन् । त्यसको बारेमा कुनै पनि क्षेत्रबाट अध्ययन हुन सकेको छैन । त्यसैले त्यस समस्याको उजागर गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययन क्षेत्र काठमाडौं जिल्लाको टोखा नगरपालिकामा पनि विभिन्न क्षेत्रबाट विभिन्न कारणले आई घरेलु कामदारका रूपमा काम गर्ने थुप्रै महिला रहेका छन् । यस क्षेत्रमा घरेलु कामदारका रूपमा रहँदा महिला कामदारले भोग्नु परेका समस्याका सामाजिक कारण र तिनिहरुका अधिकारका बिषय, तिनिहरुको सामाजिक पृष्टभुमि र वर्तमान अवस्था, घरेलु महिला कामदारको घरमालिक र अन्य सदस्यसँगको सम्बन्ध, उनीहरू के कस्ता काम गर्न बाध्य हुन्छन् र के कस्ता शारीरिक, मानसिक तथा यौनजन्य हिंसाको सिकार हुनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएका छन् प्रस्तुत अनुसन्धान निम्न प्रश्नको सेरोफेरोमा केन्द्रित रही गरिएको छ ।

क. महिला किन घरेलु कामदार बन्छन ?

ख. कस्ता पारिवारिक पृष्टभुमि भएका महिलाहरु घरेलु कामदारका रुपमा आएका छन ?

ग. घरेलु कामदार भनेको के हो ?

घ. टोखा नगरपालिकामा कहाँ कहाँ बाट घरेलु महिला कामदार आएका छन ?

ङ. घरेलु महिला कामदारहरु माथि के कस्ता किसिमका घरेलु हिंसा हुने गर्दछन् ?

## १.३ अध्ययनको उद्देश्य

घरेलु महिला कामदारको निकै ठुलो संख्या घरेलु नोकरका रुपमा काम गर्न बाध्य छन । ती घरेलु महिला कामदारको विषयमा प्राय: जसो दिन प्रतिदिन विभिन्न समस्याहरु उत्पन्न भईरहेका छन तसर्थ यस अनुसन्धानको मूल उदेश्य ती घरेलु कामदार महिलाहरुको समाजशास्त्रीय अध्ययन गर्नु हो । यस अध्ययनका विशिष्ट उदेश्यहरु निम्नानुसार छन् –

१. घरेलु महिला कामदारको सामाजिक पृष्टभुमि र तिनको वर्तमान अवस्थाको अध्ययन गर्नु ।

२. घरेलु महिला कामदार बन्नु पर्नाका कारण तथा समस्या भोग्नुका कारणहरु पत्ता लगाउनु ।

३. घरेलु महिला कामदारहरुको घरमालिक र अन्य सदस्यसंगको सम्बन्धका बारेमा अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनमा घर मालिक र घरेलुकामदार बीच हुने निर्भरता, एकले अर्को पक्षलाई गरेको सहयोग, कामदार र मालिक बीच हुने बैमनश्यता र मेलमिलाप आदि विषयलाई लिएर सुक्ष्म विश्लेषण गरिएको छ । जुन यस विषयमा अहिले सम्मका अरु अनुसन्धानमा कम पाईन्छ । यो नै यस अनुसन्धानको महत्वपूर्ण पक्ष हो । नेपाली समाजमा देखा परेका विभिन्न समस्याहरूमध्ये घरेलु महिला कामदारको अवस्था एक ठुलो समस्याको रूपमा देखा परेको छ । यसरी अर्काको घरमा होस् या अन्य क्षेत्रमा काम गर्ने महिलाहरुका बारेमा विभिन्न कोणबाट विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट अध्ययन अनुसन्धान भई ती महिलाहरुको हक अधिकारको लागि केही कार्यहरू नभएका होइनन् तैपनि घरेलु महिला कामदारमा न्युनीकरण हुन सकेको छैन । अझै ती महिलाहरु जोखिमपूर्ण काम गर्न र जोखिम परिवेशमा जीवन जीउन बाध्य छन् । तिनीहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभुत कुराहरूका लागि विभिन्न किसिमका घरेलु हिंसाहरूसँग संघर्ष गर्न बाध्य भएका छन् ।

प्रस्तुत अध्ययन क्षेत्र धापासीको मुख्य बसुन्धारा बजारमा अर्काको घरमा घरेलु कामदारको रूपमा विभिन्न काममा संलग्न घरेलु महिला कामदारको सामाजिक पृष्टभुमि, तिनिहरुको वर्तमान अवस्थाका साथै महिलाहरु घरेलु कामदार बन्नुका कारणहरु र तिनीहरूले भोग्नु परेको शारीरिक, मानसिक तथा यौन हिंसा जस्ता विषयमा यो अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनबाट बसुन्धारा बजारमा घरेलु कामदार महिलाका बारेमा उपयुक्त जानकारी लिन चाहाने महिलाका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका साथै अन्य यस क्षेत्रमा चासो राख्ने तथा अध्ययन गर्न चाहने सम्पुर्ण महानुभावलाई मद्दत गर्नेछ यो नै यसको महत्वपुर्ण पक्ष हो ।

## १.५ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययन सात अध्यायमा विभाजन गरिएको छ जसलाई क्रमैसँग यसरी प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्व रहेको छ । दोस्रो अध्यायमा अध्ययनको सैदान्तिक अवधारणा र पुर्व साहित्यको अध्ययन रहेको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि, अध्ययनको क्षेत्र छनौट, तथ्याङ्क विश्लेषण प्रकृया रहेको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । पाँचौ अध्यायमा घरेलु महिला कामदारको सामाजिक पुष्टभुमि र तिनिहरुको वर्तमान अवस्था, घरेलु महिला कामदारको घरमालिक र अन्य सदस्यसँगको सम्बन्ध रहेको छ । छैटौ अध्यायमा महिला घरेलु कामदार बन्नुका कारण र समस्याको अध्ययन

रहेको छ । सातौ अध्यायमा घरेलु महिला कामदारले भोग्नु परेका समस्याका सामाजिक कारणहरुको बारेमा अध्ययन गरिएको छ भने आठौ अध्यायमा सारांश र निष्कर्ष समावेश गरिएको छ ।

अन्त्यमा सोध कर्ताले अध्ययन गरेको सामाग्रीको सुचि, शोध कार्यको लागि प्रयोग गरिएको अर्धसंरचित प्रश्नावली समाविष्ठ गरिएको छ ।

# अध्याय : दुई

## पुर्वसाहित्यको अवलोकन

### २.१ सैदान्तिक अवधारणा

महिला भन्नाले स्त्रीको रुप धारणा गरेको एउटा मानवीय प्राणीलाई बुझिन्छ अर्को अर्थमा महिला भन्नाले समाजमा पुरुषको भन्दा अलिक फरक व्यवहार, धैर्यता र सहनशिलता शक्ति भएको प्राणीलाई बुझिन्छ भने परम्परागत तथा आधुनिक रुपमा महिला कामदार भन्नाले बिशेष गरी खाना पकाउने, भाँडा धुने, बालबच्चाको स्याहार सुसार गर्ने तथा अन्य घरायसी सम्बन्धी काम गर्ने व्यक्तिलाई बुझिन्छ । एङ्गल्सले बताए अनुसार– घरेलु कामदार राख्ने प्रचलन सर्बप्रथम कहिले र कहाँ बाट शुरु भयो भन्ने सन्दर्भमा मार्क्सबादी ऐतिहासिक दृष्टिकोण अनुसार खास गरेर दास युगको अभ्युदय भए पछि जब मानिसलाई पशुवत व्यवहार र बेचबिखन गर्ने परम्पराको सुरु भयो । त्यहि देखि नै स्वतन्त्र मानव जीवनको अस्तित्व समाप्त भयो । यसरी पहुँचवाला धनी मानिसहरुले गरीव मानिसहरुलाई आफ्नो उत्पादनको स्वरुपको भरमा किन बेच गर्ने, मालिकको इच्छा अनुरुपको सेवामा सम्पूर्ण जीवन अर्पण गर्नु पर्ने परम्परालाई वर्तमान घरेलु कामदार राख्ने चलनको जननी मान्न सकिन्छ । त्यसैगरी दासयुग पछि सामन्ती युगले प्रबेश गऱ्यो । झन् समाजमा असमानता बढ्दै गयो । उत्पादनका साधनहरु सिमित सामन्त बर्गहरुको हातमा केन्द्रित रहने हुनाले निम्न बर्गका सर्म्पुण मानिसहरुले उनीहरुको घरमा श्रम बेचेर बाँच्नु पर्ने स्थिती बन्यो । यस्तो स्थितिमा काम गर्ने कामदार बयस्क मात्र नभएर केटाकेटीहरु पनि थिए (Engles.F,1968 : 114-118)।

एजी.फेङक (१९७०) ले धनी र गरिब राष्ट्रहरुलाई मेट्रोपोलिस र सेटलाइट मा विभाजन गरी असमान आर्थिक सम्बन्धलाई विश्लेषण गरेका छन् । मेट्रोपोलिस  र सेटलाइट  मा रहेको मुलुकहरु बिचमा सामाजिक, आर्थिक तथा राजनितिक सम्बन्ध असमान खालको भएको हुँदा मेट्रोपोलिस (मुख्य सहर) प्रति सेटलाइट (उपग्रह) परनिर्भर रहेको पाइन्छ । परनिर्भरताबाट नेपाली समाज पनि अछुतो रहन सकेको छैन । यसै परिवेश अनुसार अध्ययन गर्न लागिएको क्षेत्रमा बिशेष गरी सिमान्तकृत समुहका महिलाहरु आर्थिक अवस्था एकदमै कमजोर भएर पहिले देखि नै साहु महाजनको घरमा काम गर्दै आएका हुन्छन । तिनै महिलाहरु विभिन्न ठाउँबाट आर्थिक अभाव तथा गरिबका समस्यामा परेर आफ्ना बालबच्चाको स्वास्थ्य, शिक्षा, पालन पोषण र अन्य आधारभुत आवश्यकता परिपुर्तिको लागि सुविधायुक्त ठाउँको खोजीसँगै विभिन्न साहु महाजनको  घरमा घरेलु कामदारको रुपमा काम गर्दै आएको पाईन्छ । प्रस्तुत अध्ययन एजी.फेङक को परनिर्भरता सिद्धान्तमा

आधारित भई तयार गरिएको छ । विश्वमा भएको शहरीकरण, आधुनिकिकरण तथा औधोगिकीकरणले पनि महिलाहरुले पहिलेको भन्दा काम गर्ने वातावरण सहज बन्दै गएको छ र महिलाहरुले पनि आफ्नो जिवन निर्वाहका लागि अरुमा परनिर्भर हुँनुहुँदैन भन्ने मान्यताको विकास गराएको छ ।

आधुनिकीकरण भन्नाले विभिन्न प्रविधिहरुको उदयसँगै परम्परागत अवस्थामा आउने परिवर्तन तथा प्रगतिशिल, नयाँ बिशेषता भएको, शहरी औधोगिक समाजलाई बुझिन्छ । विश्वमा आएको आधुनिकीकरणसँगै नेपालका महिलाहरु पनि विभिन्न किसिमका आयमुलक काममा व्यस्त हुन थालेको देखिन्छ । कोही महिलाहरु वैदेशिक रोजगारमा घरेलु कामदारका रुपमा कार्यरत देखिन्छन् त कोही औधोगिक क्षेत्रमा । नेपालमा ग्रामिण भेगका युवतीहरुले पनि आफ्ना आमाहरु श्रीमान वा छोराहरुमा निर्भर रहनुपर्ने परम्परागत कार्यलाई तोड्दै आँफुहरु विभिन्न औधोगिक क्षेत्र तथा घरायसी काममा ज्याला लिई आफ्नो जीवन निर्वाह गर्नतिर लागेका छन् भने काम गर्ने कार्यस्थलका साथै लैङ्गिक भुमिका र स्वास्थ्यमा पनि सकरात्मक प्रभाव परेको देखिन्छ । आधुनिकीकरणको परिणाम स्वरुप नेपालमा परम्परागत समाजभन्दा र आधुनिक समाजमा फरक खालको नतिजा पाउनुका साथै लैङ्गिक कुरामा विभेद रहेको पाईदैन । विकासका सन्दर्भलाई हेर्ने हो भने सामाजिक परिवर्तन तथा देश विकासका लागि समुदाय स्तरबाट नै महिलाको नेतृत्व र महिला सशक्तीकरण आवश्यक देखिन्छ । आधुनिकीकरण युगमा कतिपय महिलाले आफ्नो नयाँ परिचय स्थापित गरी आँफु परनिर्भरताको स्थितिबाट टाढा रहेका छन् (1970, brown) ।

शहरीकरण भन्नाले भौतिक एवं सामाजिक पुर्वाधारको विकास भएको पर्याप्त अवसरहरु भएको, वृहत्तर जनसंख्याको बासस्थान भएको र तुलनात्मक रुपमा ग्रामीण क्षेत्रभन्दा बढी आर्थिक क्रियाकलाप भएको उन्नत प्रकृतिको बस्ती नै शहरीकरण भनिन्छ । शहरीकरणले कामदार महिलाको जीवनमा ठुलो गुणस्तर ल्याएको पाईन्छ । धेरैभन्दा धेरै उद्योगहरुको स्थापना तथा व्यवसायको प्रयाप्त मात्रामा अवसर प्राप्त हुनाले महिला कामदारहरुको जीवनमा राम्रा राम्रा अवसरहरु प्राप्त भएका छन् भने ग्रामिण ठाउँमा बेरोजगारी अवस्था एकदमै बढी छ जसको कारण महिलाहरु कामको खोजीमा शहरतिर आउन बाध्य हुन्छन् । शहरमा राम्रो यातायातको व्यवस्था, संचारको साधनको पहुँच, गुणस्तर खालको शिक्षा, स्वास्थ्य उपचारको राम्रो व्यवस्था, कामको ज्याला सजिलै प्राप्त गर्न सकिने, मनोरन्जनका साधनका रुपमा विभिन्न क्लबहरुको व्यबस्था आदि पाउन सकिन्छ भने शहरी क्षेत्रमा पाउने सबै सुविधा ग्रामिण क्षेत्रमा पाउन मुस्किल पर्दछ जसको कारण महिलाहरु

कामका सिलसिलामा शहर केन्द्रित हुने गरेको पाइन्छ । शहरीकरणले महिलाहरुको जीवनशैलीमा नै परिवर्तन ल्याएको पाईन्छ । जस्तै चेतनाका कुरामा वृदि हुनु, व्यक्तिगत कुरामा सक्षम रहनु, स्वास्थ्यका सम्बन्धमा कुराहरु उठाउन सक्नु, शिक्षाका कुरामा अगाडि बढ्न सक्नु र जिवन निर्वाहका कुरामा अरुसँग निर्भर रहनु नपर्नु नै शहरीकरणले महिलाहरुको जिवनमा ल्याएको नयाँ परिवर्तन हो । (kinship, 1971)

औधोगिकीकरण भन्नाले आर्थिक विकासलाई आधार मानी औधोगिक उत्पादन, श्रमको मुल्य, उद्योगप्रतिको एकाग्रता र भौगोलिक जनसाङखिकीय क्षेत्रलाई नै औधोगिकीकरण भनिन्छ । औधोगिकीकरणको प्राथमिक युगमा कुनै पनि महिलालाई उद्योगमा काम गर्ने अवसर थिएन । पुरुषहरु मात्र उक्त उद्योगका कामदार भई आफ्ना छोराछोरी तथा श्रीमती पाल्नुपर्ने अवस्था थियो । पछि पछि बिस्तारै आन्दोलन स्वरुप औधोगिक क्षेत्रमा काम गर्ने कामदारका लागि विभिन्न निति, नियम तथा कानुनहरु स्थापित हुँदै जाँदा महिलाहरुले अवसर पाउन थाले । महिलाले घरभित्रका प्रत्यक्ष रुपमा आयआर्जन नहुने काम गनुपर्ने र पुरुषहरुले घर बाहिर आर्थिक उपार्जन हुने काम गरी परिवार पाल्नु पर्ने समाजले बनाएको लैङ्गिक विभेद, परम्परागत मुल्य र मान्यतामा समय अनुसार क्रमश परिवर्तन हुदै आयो । आर्थिक सशक्तिकरण विना आत्मनिर्भर हुन नसक्ने, आत्मनिर्भरका लागि कुनै न कुनै काम गर्नुपर्ने र काम ठुलो सानो नहुने बुझाइले घरेलु कामको पनि आर्थिक रुपमा गणना हुनुपर्दछ भन्ने चेतनाको विकास भयो । घर, आँगन, चुलो चौको, मझेरी र पधँरीको संसार भन्दा पर बाहिर जगतका आर्थिक क्रियाकलापमा महिलाहरुले पनि बिस्तारै आफ्नो अस्तित्व खोज्ने क्रम शुरु गरे । फलस्वरुप देशभित्र र बाहिर समेत घरेलु कामदारको रुपमा घर, खेतबारी, साना घरेलु उद्योग, ठुला उद्योग, होटल, रेष्टुरेन्ट, क्लब, कलकारखाना, निजी व्यवसाय, स्कुल, कलेज, बैङक, सहकारी, सरकारी, गैर सरकारी संघसंस्था जस्ता विभिन्न ठाउँहरुमा श्रमिकको रुपमा आफ्नो श्रम बेच्ने क्रम शुरुवात गरेको पाईन्छ (ojha,2050)।

समाजशास्त्रीहरुले घरेलु महिला कामदारका बिषयमा खासै राम्रोसँग विचार प्रस्तुत गरेको पाईदैन तैपनि कतिपय समाजशास्त्रीले महिला कामदारका बारेमा सामाजिक परिवर्तन र क्रान्तिका कुरा गरेका छन् तथापि लैङ्गिक दमनतर्फ पनि केही ध्यान पुऱ्याएको देख्न सकिन्छ । सन् १९८४ मा प्रकाशित मुताविक Engles ले लेखेको 'The Origin of the Family, Private Property and the State' मा महिलामाथि हुने दमन र शोषणको कुनै जैविक कारण छैन भन्ने कुरालाई जोडदारका साथ उठाइएको छ । उक्त पुस्तकमा महिलाको अधीनता कहिलेदेखि सुरू भएको हो भन्ने प्रष्ट इतिहास

भएको उल्लेख गर्दै नीजि स्वामित्व (Private Property) को उत्पत्तिसँग महिला कामदारको अधिनता र शोषण सुरू भएको दावी गरिएको छ भने महिला समाजशास्त्रीका विचारमा घरेलु महिलाविरूद्ध हुने हिंसा शारीरिक निर्दयीताको रूपमा देखा पर्छ, । जस्तै कुटपिट, बलात्कार, यौनजन्य हैरानी, बेश्यावृत्ति, यौन दुरूपयोग आदि । तर घरेलु महिला कामदारविरूद्ध हुने हिंसा सधै प्रष्ट देखिने किसिमको हुँदैन, शोषण र नियन्त्रणका जटिल अभ्यासहरूभित्र लुकेको हुने गर्छ । फेसन र सुन्दरता, मातृत्वको आदर्श घर गृहस्थी कार्य यी सबै महिलामाथि शोषण गर्ने जटिल अभ्यासहरू हुन् । लोग्ने मान्छेले सधैं जे पनि गर्ने, छोराछोरीलाई पनि वेवास्ता र कुटपिट समेत गर्ने, घर परिवार छाडेर समेत हिडिदिने तर यसको विपरित महिलाले लोग्नेले तिरस्कार गरेका छोराछोरीलाई समेत माया ममता दिई हुर्काउनु पर्ने, आफ्नो स्वतन्त्रता, अधिकार, इच्छा, आकांक्षा सबै त्यागेर घरपरिवारमै रमाउनु पर्ने देखिन्छ । समाजमा देखिने यस्ता विविध समस्याका कारण नेपाली महिलाहरु घरेलु कामदार बन्न बाध्य छन् । (Andersen,1993 : 41-44)

### २.२ पुर्वसाहित्यको पुनरावलोकन

आचार्य भन्छन्– नेपालभित्र घरेलु महिला कामदारलाई कुन काममा कति संलग्न छन् भनी त्यसको कार्य क्षेत्र विभाजन गरी हेर्न सकिएको छैन । नेपालमा घरेलु महिला कामदारको काम गर्ने समय, परिश्रम अनुसार उनिहरुको कामको ज्यालाको निर्धारण गर्न सकिएको छैन । नेपालमा घरेलु महिला कामदारले धेरै समय काम गरेर थोरै ज्याला लिन बाध्य छन् । त्यसका साथै काम गर्ने क्षेत्रमा महिलाहरु सुरक्षित रहन सक्ने स्थिति छैन । काम गर्ने क्षेत्रमा मालिक अथवा उसका परिवारका अन्य सदस्यबाट विभिन्न गाली गलौज, शारिरिक, मानसिक तथा यौनजन्य हिंसा बाट पिडित छन् । हालका बर्षमा कामका खोजीमा धेरै महिलाहरु गाउँभन्दा शहरी क्षेत्रमा बढी रहेको पाईन्छ । उनीहरु शहरी क्षेत्रमा कामदारका रुपमा आएपछि शिक्षा तथा चेतनाको स्तरमा वृदि भएकोले बिस्तारै वृहत परिवार नभई सानो परिवारमा बस्नुपर्दछ अथवा बच्चाबच्ची कम जन्माउनुपर्दछ भन्ने भावनामा पनि विकास भएको पाईन्छ । काठमाडौं उपत्यकाभित्र मात्र घरेलु कामदार महिलाको संख्या २२ हजार रहेको पाईन्छ । घरेलु महिला कामदारको निकै लामो इतिहास छ । विगतका दिनहरुलाई हेर्दा धेरैजसो महिला कामदारहरु ठुला बडा साहु महाजनका घरमा कमलरी बस्ने गदर्थे । कमलरी, हलिया, कमैया, आदि प्रथाले नै नेपालमा घरेलु कामदारको इतिहास निकै लामो भएको मान्न सकिन्छ । शहरी क्षेत्रमा मुख्यतया महिला कामदारको संख्या बढी छ तर

हालका बर्षमा कामको खोजीमा काठमाडौँ आउने पुरुषको संख्या पनि कम देखिदैन । (Acharya, 2014, ५०–५२)

नेपाल राज्यमा गरेको अध्ययले पनि महिलाहरु घरेलु कामदारको रुपमा रहदा धेरै समस्या भोग्नु परेको कुरा सार्वजनिक गरेको छ जसमा जब उनिहरु उद्धगम र गन्तव्य स्थानको विचमा सामाजिक मुल्यँमान्यता, खानपिन, भाषा, सस्कार जस्ता पक्षमा भिन्नता देखिन्छ जसले गर्दा समायोजन हुनमा कठिनाई हुन्छ । काम गर्ने सिलसिलामा पनि दैनिक जसो कति घन्टा काम गर्ने विषयमा निश्चित नहुँदा २४ घन्टा समेत काम गर्नुपर्ने परिस्थितका कारण आराम सम्म गर्न नपाउने बाध्यता रहेको पाईएको छ । हप्तामा एक दिन विदा पाउनु पर्नेमा महिनामा १-२ दिन मात्र विदा पाउने जसले गर्दा कार्यभारमा कठिनाई आउने गर्दछ । तलब माग्दा समयमा तलब नपाउने उल्टै धम्काउने गालि गर्ने जस्ता कार्य गर्ने गरेको अवस्था छ । घरपरिवारको जनसंख्या पनि २०-२५ जनाको हुने त्यस अवस्थामा एक जनाले सर्म्पुण कार्य समाल्न कठिनाई हुने यसका साथै सुचना र सञ्चार माध्यमबाट टाढा राख्न घरपरिवार, साथीभाईलाई फोन गर्न नदिने । यति मात्र नभएर कतिपय अवस्थामा घर मालिकबाट यौन शोषण उसको छोरा तथा घरमा आउने पाहुनाले समेत यौन शोषण गर्ने गरेको यस अध्ययनमा उल्लेख गरिएको छ । यस्तो स्थितिमा महिलाहरु आत्महत्याको प्रयास गर्ने, मानसिक रोगी हुने घर छोडेर भाग्ने गर्दछन् । यस समयमा घर मालिकले चोरी तथा अन्य आरोप लगाई पुलिस कहाँ उजुरी गर्ने जस्ता कार्यले जेलमा बस्नु पर्ने कुरा उक्त अध्ययनले देखाएको छ (भट्टराई, २०५५,७७–७९) ।

सपना प्रधान मल्लले उल्लेख गरे अनुसार– विश्व जगतमा सबै समाज र संस्कृतिमा महिलाहरु पुरुष भन्दा पछाडि परेका छन् । महिला पुरुष एक रथका दुई पाङग्रा भन्ने नारा जतिसुकै खोके तापनि यसमा सत्य हुन सकेको छैन । सर्म्पुण क्षेत्रमा महिला प्रति फरक व्यवहार देखिन्छ नै । त्यसैगरी वैदेशिक रोजगारीमा पनि महिलाको क्षेत्रमा हेर्दा पुरुषको दर्जामा महिला नै बढी पिडित हुनुपरेको पाईन्छ । महिला भएकै कारणले श्रम शोषण, शारिरीक शोषण, मानसिक शोषण तथा यौनिक हिंसा बलत्कारको सिकार हुनुपर्ने जस्ता समस्या छ भने अर्को समस्या भनेको शहरबाट काम गरेर फर्किए पछि पनि घरपरिवार लगायत घर-छिमेकी समाजले समेत नकारात्मक दृष्टिकोण बाट हेर्ने गरिन्छ । नेपालका महिलाहरुका अवस्थाका बारेमा भारतको केरलामा गरिएको एक अध्ययनले पनि रोजगारीमा जाने नेपाली महिलाहरुले सुरुको रिकुटिङ्ग प्रकृयादेखि लिएर गन्तव्यस्थान पुग्ने बेलासम्म विभिन्न समस्या भोग्नु पर्ने कुरा देखाएको छ । उक्त अध्ययनका अनुसार महिलाहरु तुरुन्तै

आफ्नो घरसम्म फर्किनुमा साथमा आँफुलाई घरसम्म पुग्नका लागि चाहिने बाटो खर्च नहुनु, भनेजस्तो कामको प्रकृति नहुनु, शारीरिक, मानसिक हिंसा, संचार माध्यमको प्रयोग समेत गर्न निषेध गरिनु आदि समस्या भएको पाईन्छ भने आवश्यक भएको समयमा तलब नपाउने जस्ता समस्या भोग्नुपर्दा महिलाहरु घर फर्कन चाहन्छन् । कतिपय अवस्थामा मागेर त्यस स्थान अथवा कामगर्ने घरलाई नै छोडी भाग्दछन् । यस्तो अवस्थामा घरमालिकले चोरीको आरोप लगाई प्रहरीद्वारा समात्न लगाउने जेलमा पर्ने जस्ता समस्या भोग्नु परेको उक्त अध्ययनमा देखिएको छ (प्रधान मल्ल, २०६७, ९३–९९) ।

घरेलु कामदारका रुपमा शहर पस्ने महिलाहरु बढीजसो पुर्वी तराई र पश्चिमी क्षेत्रको भएको पाईन्छ तर सुदुरपश्चिम र मध्यपश्चिमबाट महिलाहरु विदेश जाने गरेको एकदमै न्युन पाईन्छ । किनभने त्यस ठाउको महिलाको लागी सामाजिक संयन्त्र नै बलियो छ । उक्त अध्ययनका अनुसार घरेलु महिला कामदारको ठूलो संख्या आर्थीक र सामाजिक रुपमा सिमान्तकृत तथा आदिवासी समुदाय नै घरेलु महिला कामदारका रुपमा संलग्न भएको पाईएको छ क्षेत्री बाहुनको सन्दर्भमा केन्द्रीत भएर कुरा गर्नुपर्दा महिलालाई वैदेशिक रोजगारमा जान त्यति सहज देखिदैन भने आदिवासी समुदायमा महिलालाई हेर्ने दृष्टीकोण अलि उदार रहेको पनि पाईन्छ । गरिवी, न्युन शैक्षिकस्तर, बेरोजगारी, आर्थिक अवस्था कमजोर भएको आदि कारणले गर्दा नेपाली महिलाहरुले आफ्नो श्रम वेच्न बाध्य रहेको देखिन्छ । सन् २००२ मा पोखरा, धरान र काठमाडौंमा गरिएको एक अध्यनले पनि वैदेशिक रोजगारीमा जाने महिलाको सामाजिक आर्थिक विशेषतालाई देखाएको छ । जसमा घरेलु कामदारका रुपमा संलग्न धेरै महिला ३८ प्रतिशत गरुङ्ग समुदाय देखिन्छ भने बाहुन क्षेत्री १६ प्रतिशत, दलित १८ प्रतिशत, राई लिम्बु १३ प्रतिशत र तामाङ्ग मगर ५.८ प्रतिशत थिए भने बाकी अन्य जाति रहेको पाईएको छ । (नेपाल सरकार,२०६५, १३३–१३७) ।

एक्काइसौं शताव्दीमा पनि समाजमा लैङ्गिक असमानता व्याप्त संसारमा विकास, समानताको विषय करिव ३० वर्ष देखि नै औपचारिक रूपमा विश्वभर चर्चामा आएता पनि पुरुषको तुलनामा महिला बढी पीडित शोषित भई अर्काको आशा, भरोसामा बाँच्नु पर्ने र भाग्यले ठगेको भनी गरेको दमनलाइ निरिह भई सहेर बाँची रहेको पाइन्छ । नेपाली समाजमा व्याप्त अशिक्षा, रूढीबादी एवम् परम्परागत सामाजिक मूल्य मान्यताहरू जस्तै विभिन्न प्रथाहरू देउकी, झुमा, छाउपडी प्रथा, विधवा तथा बाँझी महिलाप्रतिको दुर्व्यवहार, बोक्सी आरोप, पैतृक सम्पत्ति माथीको असमान अधिकार, महिलालाई उपभोग्य वस्तुको श्रेणीमा राख्नु, पुरुषले महिलालाई पैतालाको धुलो मान्नु

तथा महिलाले गर्ने घरायसी कामको सही गणना नहुनु जस्ता कुराहरू महिलाका विरूद्धमा रहँदै आएका छन् । कानुनको अभावले विभिन्न घरेलु कामदारका रुपमा कार्यरत महिलाहरू विभिन्न किसिमका हिंसा सहेर वस्न वाध्य छन् भने भएका कानुन पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु पनि अर्को कमजोर पक्ष रहेको छ । घरेलु कामदारका रुपमा कार्यरत महिलाहरुमा मानसिक, शारिरिक तथा यौनजन्य हिंसा काठमाडौं उपत्यकाको सहरी क्षेत्रमा व्यापक रहेको विभिन्न अध्ययनले देखाएको छ । नारा आन्दोलनमा मात्र सिमित महिला हिंसा अन्त्यको रणनीति कार्यान्वयनमा आउन उत्तिकै जरूरी छ । (थापा, २०५६, ६७–६९) ।

बस्नेतले उल्लेख गरे अनुसार–नेपालमा योजनाबद्ध विकास २०१३ साल पछि छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) बाट महिला विकास नीतिलाई अगाडि बढाइएको पाइन्छ । त्यसपछि नेपालमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । त्यस्तै गरेर महिला आयोगको स्थापना गरिएको छ । यो महिलाको हक, हित, अधिकारका लागि जुन पहलबाट नेपालको मुलुकी ऐन २०२० मा अंशवण्डाको महल, लोग्ने स्वास्नीको महल, विवाहवारीको महल जस्ता महलहरूमा महिलाका हक हित र अधिकारलाई थोरै भए तापनि केही महिलाका पक्षमा परिवर्तन गरिएका छन् । महिलाको हकहित अधिकारका लागि नेपालको मुलुकी ऐन २०२० मा अंशबण्डाको महल, लोग्ने स्वास्नीको महल, विवाहवारीको महल जस्ता व्यवस्था महिलाका हकहित र अधिकारलाई थोरै भएता पनि न्याय प्रदान गर्न सकिएको देखिन्छ । (बस्नेत, २०६५, ७१–७२) ।

काठमाण्डौं शहरमा मात्र २१,००० भन्दा बढि घरेलु महिला कामदार रहेका छन् । उनीहरु मध्ये ९८ प्रतिशतले आफनो परिवारको साथ बस्न पाएका छैनन् । घरेलु महिला कामदारले दिनको ७–१० घण्टा सम्म काम गर्नु पर्छ । ९२ प्रतिशत बिहान ७ बजे भन्दा अगाडि नै काम शुरु गर्दछन् भने २८ प्रतिशतले सातामा सातै दिन काम गर्नुपर्छ । घरेलु महिला कामदारमध्ये करीव आधाले एकदमै न्युन ज्यालामा काम गरिरहेका छन् । कतिपय महिला कामदारलाई आफुले काम गरे बापत कति ज्याला पाउनु पर्दछ भन्ने कुराको जानकारी पनि छैन् । पारिश्रमिक पाएकाहरु मध्ये पनि ९७ प्रतिशतले महिनाको रु.१००० भन्दा कम तलब पाउने गरेका छन् । अधिकांशं घरेलु महिला कामदारलाई नियमित कामका लागि बोलाइन्छ । उनीहरुलाई काम गर्ने घरबाट बाहिर अरु साथीसंगीहरुलाई भेट्न र उनीहरुसँग कुरा गर्न पनि दिईदैन । धेरै घरेलु महिला कामदारहरु कुटपिट, हिंसा, दुव्यवहार, कतिपय त यौन दुव्ययवहारका शिकार समेत भएका छन् । घरेलु महिला

कामदारलाई खाने, बस्ने सुबिधा अत्यन्तै न्यून स्तरको हुने गरेको पाइन्छ भने उनीहरु बिरामी हुँदा स्वास्थ्य उपचार निकै कम पाउने गरेको पाइन्छ । (टोखा नगर प्रोफाइल,२०६८, १४–१६) ।

के.सी का अनुसार – महिलाहरू घरेलु तथा साना उद्योग सञ्चालन गर्ने अवसर, विशेष सीप, शिक्षा, तालिम र राम्रो पारिश्रमिक पाउने स्थानसम्म पुग्न सकेका छैनन् । आर्थिक रूपमा महिलाहरू पराधिन हुनुपर्ने बाध्यता सिर्जना गरिएकोले स्वतन्त्र रूपमा उद्योग धन्दा र व्यवसाय गर्न सकिरहेका छैनन् । समाजमा लैङ्गिक विभेदपूर्ण अवस्थाको कारणले समान कामवापत पनि असमान पारिश्रमिक पाउने जस्तो कुसंस्कार नेपाली समाजमा विद्यमान रहेको छ । सम्पत्तिमा महिलाहरूको समान अधिकारको अवस्था छैन । समाजमा छोरीलाई सम्पत्ति दियो भने समाजमा विकृति आउँछ । गरिवका छोरीको विवाह नै हुँदैन, महिला दोहोरो सम्पत्तिको मालिक बन्छन्, आदि प्रश्नहरू उठिरहेका हुन्छन । यी प्रश्न उठ्नुको मुख्य कारण पुरुषप्रधान संरचना हुनु र यस संरचनालाई जोगाइ राख्नु पर्छ भन्ने मान्यता हुनु नै हो जो महिला अधिकार, महिलाको मानव अधिकार र सामाजिक तथा आत्मसम्मान विरूद्धको हो (के.सी, २०६६, २१–२४) ।

शिक्षाका क्षेत्रमा हेर्दा  पुरुषको तुलनामा महिला साक्षरता ४४ प्रतिशत रहेको छ । जनगणना २०५८ अनुसार महिला साक्षरता ४४ प्रतिशत रहेको छ । ग्रामिण क्षेत्रको शैक्षिक अवस्था एकदमै दयनीय छ । निजामति सेवाका क्षेत्रमा हेर्दा राजपत्र अनंकित तहमा महिलाको संख्या केही बढी देखिए पनि माथिल्लो तहमा महिला सहभागिता निकै कम छ । लैङ्गिक रूपमा हेर्दा राजपत्राङ्कित तहमा पुरुष कर्मचारीको संख्या ९३ प्रतिशत र महिलाको संख्या ७ प्रतिशत, राजपत्रअनङ्कितमा पुरुषको सहभागिता ८२ प्रतिशत र महिलाको सहभागिता संख्या १८ प्रतिशत तथा श्रेणी विहिनमा पुरुषको संख्या ९३ प्रतिशत र महिलाको संख्या केही बढी देखिएता पनि माथिल्लो तहमा महिला सहभागिता निकै कम छ । यस किसिमले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला पिडित हुँदै आएका छन् (CBS, 2016,201-209)।

२०७२ को संविधान अनुसार–नेपालको संविधान भाग ३ धारा ३८ मा महिलाको हकका सम्बन्धमा महिलालाई लैङगिक भेदभाव विना समान वंशीय हक हुने, सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुने, महिला विरुद्द धार्मिक, सास्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य शोषण गर्न नहुने, राज्यका सबै निकायमा समावेशी सिदान्तको आधारमा सहभागी हुन पाउने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा

सकारात्मक विभेदका आभारमा विशेष अवसर प्राप्त गर्ने हक, सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने जस्ता कुराको व्यबस्था गरेको छ (नेपालको संविधान, २०७२, १४–१५) ।

पौडेलले उल्लेख गरे अनुसार–नेपाली समाजमा महिला अधीनता र पितृसत्तात्मक पारिवारिक संरचनाबीचको सम्बन्ध अध्ययन नामक शोधमा पितृसत्तात्मक समाजमा सामाजिक संरचनामा नै असमानता घुसेको हुन्छ अर्थात् संरचनागत असमानता विद्यमान रहेको हुन्छ । नेपाली समाज पितृसत्तात्मक प्रकृतिको भएकोले महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध रहेको हुन्छ भन्ने कुरालाई जोड दिएर घरेलु कामदार महिलामा हुने हिंसालाई इङ्गिकत गर्न खोजेको छ (पौडेल, २०६०, ३१–३३) ।

चापागाईका भनाई अनुसार–पुरानो समयमा महिलालाई पुरुषको अधिनमा बस्नुपर्ने र उनलाई स्वतन्त्र एवम् मानवअधिकारयुक्त कानुनी व्यक्तित्वको रूपमा मान्यता दिइएको थिएन । त्यसैले महिला सम्बन्धी कानुनहरूको अभाव थियो । त्यस्ता कानुनहरू पनि पक्षतापूर्ण एवम् महिलाका विरूद्ध लैङ्गिक भेदभावपूर्ण थिए । अब त्यस्तो पुरानो धारणामा परिवर्तन आएको, चेतनामा बृद्धि भएको, बराबरी हक अधिकारको खोजी हुन थालेको र विश्वमा आएको महिला सम्बन्धी दृष्टिकोणको परिवर्तनलाई पनि आत्मासात गर्न लागेकाले घरेलु महिला कामदारको हिंसाको नियन्त्रण गर्नु आवश्यक देखिन्छ (चापागाई, २०७२, ४२–४४) ।

निड्स (२०१२) का अनुसार नेपालको सन्दर्भमा घरेलु कामदारमा रुपमा विदेश जाने महिला कामदारको संख्या पनि उत्तिकै धेरै देखिन्छ । वैदेशिक रोजगारका लागि वैधानिक बाटो भएर विदेश जाने महिलाको संख्या अत्यन्त कम छ । सरकारी तथ्याङ्कमा नेपालको विमान अथवा त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलबाट मात्र भएको उल्लेख गर्ने भएकाले पनि महिलाको तथ्याङ्कमा कमी आएको हो । यसलाई वास्तविक मान्न सकिदैन । प्रत्येक दिन लगभग ४० देखि ५० जना नेपाली महिलाहरु दैनिक रुपमा भारतको बाटो भएर उडिरहेका र लगभग २०-३००० हजार नेपाली महिलाहरु गन्तव्य स्थानबाट नै अनियमित तरिकाले गईरहेका छन् । (निड्स, २०१२, ५५–५८) ।

आचार्यले बताए अनुसार–वर्तमान अवस्था सम्म घरेलु महिलाहरु विकासको मुल प्रवाहबाट बाहिर छन् । महिलाहरुलाई विकासको मुल प्रवाहमा ल्याउनका लागि कानुनी मान्यता, रोजगारीको पहुचँ, शैक्षिक स्थितिमा सुधार, सम्पतिमा पहुचँ र महिलाको लागि उपयोगी प्रविधिको विकास जस्ता

विकासका समग्र पक्षहरुमा पहुच बढाउनु पर्दछ । राज्यमा महिलाको समान सहभागिता गराउनका लागि राज्यका संयन्त्रहरुमा महिला र पुरुषको समान पहुचँ, राज्यका स्रोत, साधन र अवसरमा महिला र पुरुषको समान पहचँ र परिणामको न्यायोचित वितरण, सबै तह र तप्काका महिला र पुरुषको सक्रियतामा राष्ट्र निमार्ण, लैङ्गिक दृष्टिले भेदभाव रहित कानुनी र न्यायिक व्यवस्थाको अन्त्य, पिछडिएका सुविधाविहिन समुहका महिला र पुरुषको संरक्षण तथा सशक्तिकरण र रोजगारीका अवसरहरुमा महिला र पुरुष दुवैको समान पहुँच आदि कुराको आवश्यकता देखिन्छ (Acharya, 1997, 71-74)।

सुवेदीका भनाई अनुसार–बिगतमा हाम्रो समाजमा महिलाहरु केवल श्रीमानप्रति उत्तरदायी हुनुपर्ने, आमाबुवाले बुढेसकालमा छोराले मात्र पाल्छ भन्ने विश्वास र मान्यतामा पनि परिर्वतन आएको छ । बुवा आमाको आवश्यकता परिपुर्तिका लागि छोरीहरु पनि काममा गएर कमाएर ल्याएको पाईन्छ । जसले गर्दा पुरुष प्रतिको संरक्षणवादी र उपनिवेशवादी सोचबाट ग्रसित मुल्यमान्यता दिन प्रतिदिन कमजोर बन्दै गएको अवस्था छ । महिलाहरु पनि सचेत र आत्मनिर्भर भएर स्वतन्त्रताको उपभोग र आत्म पहिचानको खोजी गदै आर्थिक रुपले पनि स्वयम सम्पन्न हुने धारणाका कारणले पछिल्लो समयमा महिलाहरु घरेलु कामदारतर्फ आकर्षित भएको विश्लेषण गर्न सकिन्छ (सुवेदी, २०५९, २२–२३) ।

शर्माले बताए अनुसार–नेपाली महिलाहरुको सर्न्दभमा कुरा गर्नुपर्दा घरेलु महिला कामदारले विभिन्न किसिमका यातना भोग्नुको कारक तत्व आर्थिक मात्र नभएर बाबुआमाको सानैमा मृत्यु, श्रीमानसँग सम्बन्ध विच्छेद , माओवादी द्वन्द, श्रीमानले दोस्रो विबाह गरेका कारणले गर्दा पनि महिला घरेलु कामदार बन्न बाध्य भएको देखिन्छ । घरेलु कामदारका रुपमा संलग्न प्रायजसो महिला ग्रामिण भेगका जहाँ अवसरको संभावना कम, बेरोजगारी, निम्न जिवनस्तर, आर्थिक अवस्था एकदमै नाजुक भएका महिला देखिन्छन् यति मात्र नभएर पारिवारिक जिम्मेवारी, घरेलु हिंसा, छोराछोरी प्रतिको उत्तरदायित्व पुरा गर्नुपर्ने अवस्थाका कारण घरेलु कामदार बन्ने गरेको पाइन्छ (शर्मा, २०६७, ६९–७१) ।

# सारांश

पुर्व साहित्यको निष्कर्षबाट के पाउन सकिन्छ भने नेपालमा गरिएका महिलाहरूको अध्ययन प्राय सामाजिक, सांस्कृतिक, आर्थिक पक्षमा केन्द्रित देखिन्छ तर यस अध्ययन महिलाहरू घरेलु कामदार बन्नुपर्ने कारणहरु र तिनिहरुले भोग्नु परेका समस्याहरुका बारेमा केन्द्रित गरिएको छ । महिलाहरूले काम गरे बापत पाउने ज्यालामा लैङ्गिक समानता हुन सकेको छैन् । महिलाहरुले काम गरे बापत पाउने तलब सुविधा, बिदा, सुचना सम्पर्क आदिबाट वन्चित छन । कतिपय महिलाहरु रोजगारदाताले शारिरिक, मानसिक तथा आर्थिक शोषण गर्ने कारणले मानसिक रुपमा विक्षिप्त हुनुपरेको छ । घरेलु कामदारका रुपमा काम गरेका महिलालाई समाजले हेर्ने दृष्टिकोण पनि निच रहेको छ । हाम्रो समाजमा अफै महिलाहरूले पुरुष सरह समान अबसर उपभोग तथा ति अबसरहरू छनोट गर्न उनीहरू पुरुषको दाँजोमा बञ्चित रहेका छन् । नाजुक अबस्थाबाट मुक्ति पाउन सबैको लागि समान अबसर भन्ने उजागर सहित विभिन्न रचनात्मक कार्यक्रमहरू सञ्चालनमा ल्याउनुपर्ने हुन्छ जसको लागि सरकारले ग्रामिण क्षेत्रका महिलाहरूलाई उच्च शिक्षाको अबसर प्रदान गर्ने हो भने महिलाहरू घरेलु कामदारका रुपमा बढी सुरक्षित हुने पो थिए की ? घरेलु कामदारका रुपमा काम गर्न चाहने महिलालाई कामको बारेमा सामान्य जानकारी, कामको प्रकृति, तलब सुविधा, दैनिक काम गर्नुपर्ने समय र सुरक्षा जस्ता बिषयमा तालिम दिन सकेमा महिलाहरुले सुरक्षित महसुस गर्न सक्ने थिए की भन्ने नै यसको मुल सारांश हो ।

# अध्याय : तीन

## अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा बिषयसंग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तवरबाट अनुसन्धानको निम्ति अपनाइने प्रक्रिया अनुसन्धान विधि हो । यो अनुसन्धान कर्ताले अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गरिने विधि हो । सैद्धान्तिक वा व्यवहारिक जुन कुनै अनुसन्धान समस्याको बारेमा केही कुरा पत्ता लगाउन र निष्कर्षमा पुग्न, नमुना छनौट, अध्ययनको क्षेत्र, अध्ययनको औचित्य र सिमा, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रकृति र स्रोत ( प्राथमिक र द्धितिय ) को प्रयोग गरी अत्यन्तै सतर्कताका साथ अध्ययन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

यो अनुसन्धान टोखा नगरपालिकाको धापासी, ग्रीनल्याण्ड, चौकी र बसुन्धारा क्षेत्रलाई केन्द्रबिन्दु बनाएर गरिएको छ । यस क्षेत्रमा व्यापारी, कर्मचारी, उद्योग, व्यवसायी, राजनीतिज्ञ, साहु महाजनहरु, तराईबासी, पहाडबासी लगायत अन्य बसाइसराइ गरी आएकाहरुको नयाँ बसोबास तिब्र रुपमा बढि रहेको छ । जहा शहरीकरण हुदै गइरहेको छ । यस क्षेत्रमा पनि घरेलु महिला कामदारहरुको संख्या शहरीकरणसँगै बढ्दै गएको देखिन्छ । जसले काठमाण्डौं शहरको घरेलु महिला कामदारहरुको प्रतिनिधित्व गर्न सक्छ ।

यस शोधकार्यको लागि काठमाडौ जिल्लामा अवस्थित टोखा नगरपालिकाको विभिन्न क्षेत्रमा कार्यरत घरेलु महिला कामदारर्ला नै छनोट गर्नुको कारणहरु निम्न छन् ।

१. यस क्षेत्रमा कार्यरत घरेलु महिला कामदारहरुको यस प्रकारको विस्तृत अध्ययन नभएकोले ।

२. घरेलु महिला कामदारका बारेमा अध्ययन गर्नका लागि हृदयदेखि नै इच्छा भएकोले ।

३. शोधकर्ता स्वयं यसै क्षेत्रमा वसोवास गर्ने भएकोले सत्य एवं विश्वसनीय सूचना संकलन गर्न सजिलो हुने भएकोले ।

## ३.२ अनुसन्धान पद्धति

मेरो अध्ययनको दायरा वर्णनात्मक थियो । वर्णानात्मक अनुसन्धान भनेको यस्तो अनुसन्धानको अध्ययन गरिएको विषयको विस्तार पुर्वक वर्णन गर्नु हो । समस्यालाई लिएर वास्तविक तथ्यमा आधारित भई वर्णनात्मक विवरण प्रस्तुत गर्नु यसको मुख्य लक्ष्य हो । वर्णनात्मक अनुसन्धानको अन्तीम लक्ष्य भनेको अध्ययन विषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो । मेरो अध्ययन पनि वर्णनात्मक दायरामा केन्द्रित थियो । यो अनुसन्धान कार्य सम्पन्न गर्नका लागि वर्णनात्मक तरिकाद्वारा सत्य, तथ्य र विश्वसनियतालाई पुष्टि गर्ने सहि एवं पुर्ण सुचना प्राप्त गर्ने प्रयत्न गरिएको थियो । यसबाट पक्षपात रहित विश्वसनिय तथा भरपर्दो तथ्य सङ्कलन गर्ने प्रयत्न गरिएको थियो छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै खालका स्रोतहरुबाट तथ्याङ्क तथा सुचनाहरु संकलन गरिएको थियो । जसमा प्राथमिक तथ्याङ्कको रुपमा अनुसन्धानकर्ता प्रत्यक्ष अध्ययन क्षेत्रमा गई अन्तरवार्ता, अवलोकन र वैयक्तिक अध्ययन विधिबाट घरेलु महिला कामदारका अवस्थाका बारेमा अध्ययन गरिएको थियो भने द्धितिय तथ्याङ्कमा पुस्तक, पत्रपत्रिका, नगरपालिका ,समाजसेवी तथा अन्य संघसंस्थामा राखिएका रेकर्डहरुको अध्ययन गरिएको थियो ।

## ३.४ जनसंख्या तथा नमुना छनौट विधि

यस शोध कार्यका लागि साधारण दैविक नमुना छनौट बिधि अपनाइएको थियो । यस टोखा नगरपालिकाको धापासी, ग्रीनल्यान्ड, चौकी र बसुन्धरा क्षेत्रमा ६० जना घरेलु महिला कामदार रहेका छन् । (नगर प्रोफाइल, २०६९) जस मध्ये २५ जना घरेलु महिला कामदारलाई नमुनाको रुपमा लिइने छ । जसले ती ६० जनालाई प्रतिनिधित्व गर्नेछ । यसका लागि गोलाप्रथा विधी छनौट गरिएको थियो । गोलाप्रथाका लागि ६० जनाको नामावली तयार गरी एउटा भाडामा राखेर एक एक गरी २५ जनाको नामावलीलाई निकालिने छ र २५ जना पुगे पछि यो प्रकृया बन्द गरिने छ । त्यस पछि ती २५ जना घरेलु महिला कामदारहरुसँग भेटघाट, सोधपुछ, अन्तरवार्ता र तिनीहरुको अवस्थाका बारेमा अध्ययन गरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलन विधि

आवश्यकता अनुसार तथ्याङ्क संकलन गर्ने क्रममा अन्तर्वाता, अवलोकन र वैयक्तिक अध्ययनलाई माध्यम  बनाई तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.१ अन्तरर्वार्ता  विधि

अध्ययन गर्ने क्रममा आवश्यकता अनुसार तथ्याङ्कहरु प्राप्त गर्नका लागि एक प्रश्नावली अनुसुचीको माध्यमबाट शोधकर्ता स्वंयम सम्बन्धित अध्ययन क्षेत्रमा उपस्थित भइ छनोटमा परेका २५ जना घरेलु महिला कामदारहरुसँग प्रश्नावलीको सहायताले अर्न्तरवार्ता लिइएको थियो । जसमा महिला कामदारका लागि वैयक्तिक विवरण, पारिवारीक विवरण, शैक्षिक तथा स्वास्थ्य स्थिति, पारिश्रमिक, कामको प्रकृति, घरेलु महिला कामदारको सामाजिक पृष्टभुमि र तिनको वर्तमान अवस्था, घरेलु महिला कामदारहरुको घरमालिक र अन्य सदस्यसंगको सम्बन्ध, समस्या भोग्नुका सामाजिक कारण आदिबारे प्रत्यक्ष रुपमा सोधी तथ्याङकहरु संकलन गरिएको थियो  ।

### ३.५.२ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन एउटा यस्तो गहन अध्ययन विधि हो जसमा कुनै एउटा व्यक्ति, समुह, घटना वा प्रवृतिको विस्तृत अध्ययन गरिन्छ । इतिहासदेखि वर्तमानसम्मका सम्पुर्ण घटनाहरुको जानकारी लिनका लागि वैयक्तिक अध्ययन नै बढी प्रभावकारी हुने देखिएकाले उत्त विधिलाई नै उपयुक्त विधिको रुपमा छनौट गरिएको थियो  । यस बिधि अर्न्तगत अध्ययन क्षेत्रका घरेलु महिला कामदारको वैयक्तिक अध्ययन गरिएको थियो छ । यसबाट उनीहरुको वैयक्तिक विवरण, पारिवारीक विवरण, शैक्षिक विवरण, स्वास्थ्य सम्बन्धी विवरण, कामको प्रकृति र पारिश्रमिक, कामको समयावधि आदि बारेमा विस्तृत विवरण सङ्कलन गरिएको थियो ।

### ३.५.३ अवलोकन

सामाजिक घटनाका सम्बन्धमा कार्यकारण सम्बन्ध बुझ्न, विभिन्न चलहरु बीचको सम्बन्धलाई विश्लेषण गर्न स्वयम अनुसन्धान कर्ताले कार्य क्षेत्रमा गएर निरिक्षण गरिने विधि नै अवलोकन विधि हो । यस विधिमा अनुसन्धानकर्ता कार्य क्षेत्रमा आफै सहभागी भई प्रत्यक्ष अवलोकन गरी त्यही समुह वा घटनासंग सम्बन्धीत तथ्याङ्क संकलन गरिएको छ । यसमा कस्तो प्रकारको व्यवहार तथा घटना थियो त्यसलाई आफ्नो इच्छा अनुसार रेकर्ड गर्नका लागि आफुले छुट्याइएको समय अवधि भित्र कार्य क्षेत्रमा देखिएका घटना तथा व्यवहारको अवलोकन गर्ने काम

सकेर आफु खुसी हुनका लागि पनि यो विधि अपनाइएको छ । स्थलगत अध्ययनमा अवलोकन गर्न लागिएको समुहसँग पारिवारिक सदस्य जस्तै घनिष्टतम सम्बन्ध स्थापित गर्न र उनिहरुका दैनिक दिनचर्याहरु जस्तै वास्तविक जीवनचक्र, खानपान, भेषभुषा आदि अवलोकन विधिबाट संकलन गरी जानकारीहरु प्राप्त गरिएको थियो छ ।

### ३.६ तथ्याङ्क बिश्लेषण एवं प्रस्तुती

तथ्याङ्क बिश्लेषण एउटा त्यस्तो विधि हो जसमा संकलित सुचनाहरुलाई व्यवस्थित तथा श्रेणीबद्ध गरी विभिन्न चलहरुको बीचमा सम्बन्ध स्थापित गर्ने काम गरिन्छ । अध्ययन अनुसन्धानको पूर्णता, सङ्कलन गरिएको सुचनाहरुको सहि विश्लेषण, व्याख्या र प्रस्तुतिकरणमा भर पर्दछ । यो कार्य पुरा गर्ने क्रममा तथ्याङ्क सङ्कलन बिधि जस्तैः- अर्न्तबार्ता, अवलोकन विधी आदिका माध्यमबाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरी गुणात्मक र संख्यात्मक ढाँचाको प्रयोग गरी साथै क्रस चेकको लागि निजहरुका घरमालिकहरुसँग पनि सुचना सङ्कलन एवं विश्लेषण गरी अन्तिम रुप दिइएको छ अध्ययनका क्रममा लिइएका तथ्याङ्कलाई बिशेषताको आधारमा वर्गीकरण गरी आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी प्रतिशतमा उल्लेख गरिने छ भने गुणात्मक तथ्याङ्कलाई वर्णन गरिने छ ।

### ३.७ अनुसन्धानको सिमा

प्रत्येक अध्ययन अनुसन्धानमा आफ्नै प्रकारको सिमा वा कमजोरी रहेको हुन्छ । एउटा व्यक्तिले सिमित स्रोत, साधन तथा छोटो समयमा सम्पुर्ण पक्षको बारेमा व्याख्या र बिश्लेषण गर्न नसकिने भएकाले वैयक्तिक अध्ययन गर्दा निम्न सिमामा रहेर गरिएको थियो ।

१. यस अध्ययनमा टोखा नगरपालिकाको धापासी, चौकी, ग्रिनल्याण्ड र बसुन्धारा क्षेत्रका घरेलु महिला कामदारको वैयक्तिक स्थितिको मात्र अध्ययन हुनेछ । यस अध्ययनले यस बाहेक अन्य क्षेत्रका घरेलु महिला कामदारहरुको प्रतिनिधित्व नगर्न सक्छ ।

२. यस अध्ययनमा महिलाहरु घरेलु कामदार बन्नाले भोग्नु परेका कारणहरु , घरमालिक र परिवारका अन्य सदस्यहरुसँग महिला कामदारको सम्बन्ध कस्तो रहेको छ, उनीहरुको सम्बन्धमा आएको परिवर्तनलाई मात्र हेरिएको थियो ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ भौगोलिक अवस्थिती

धापासी नगरपालिका काठमाडौँ जिल्लाको उत्तर तर्फ अवस्थित छ । काठमाडौँ उपत्यकाकै उच्चतम विकसित नगरपालिका मध्ये एक धापासी नगरपालिका काठमाडौँ महानगरपालिका सँग उत्तर–पश्चिम सिमानामा जोडिएको छ । नगरपालिकाको उत्तरमा टोखा, सरस्वती र भद्रकाली नगरपालिका रहेका छन् । पुर्वमा काठमाडौँ महानगरपालिका वडा नं ३, दक्षिणमा काठमाडौ महानगरपालिकाकै वडा नं ३ र पश्चिममा गोगंबु नगरपालिका रहेका छन् । नगरपालिका करिब ६ किलोमिटर जमीनको बीचको भाग समथर भुभागले ओगटेको छ भने बाकी चारैतिरका भाग केही तल झरेको छ । नगरपालिकाको उच्च सम्म परेको भागमा केही घना बस्ती छ र खासमा कृषि उपार्जनको प्रयोगमा छ । समुन्द्री सतहबाट १३४६ मिटर (४४१९ फिट) उचाईमा अवस्थित यस नगरपालिका २७.४५ ल्याटिच्युड उत्तरी गोलार्द्ध र ८५.१९ लंगिच्युड पुर्वमा पर्दछ ।

## ४.२ ऐतिहासिक पृष्टभूमि

तत्कालिन बसुन्धारा गाउँ पञ्चायत २०३७ साल पछि गोगंबु र धापासी नगरपालिकामा विभाजन भएको हो । बाग्मती अञ्चल काठमाडौँ जिल्लाको उत्तरतर्फ यो नगरपालिका अवस्थित छ । शिवपुरी जङ्गलको नजिकमा अवस्थित यस नगरपालिकाको बीच भागमा पुरानो धाम्पासी ( मयलको बोट ) स्याउको प्रजातिको बोट थियो । सोही नामबाट अपभ्रंस भई आज धापासी नामाकरण भएको भन्ने कुरा पुराना व्यक्तिहरुबाट आएको छ ।

## ४.३ हावापानी

महाभारत पर्वतमा अवस्थित यो भेगमा समशितोष्ण हावापानी पाईन्छ । जुन मध्यम खालको हावापानी हो । अधिक गर्मी र अधिक जाडो यहाँ कहिल्यै पनि हुन्न । यहाँको माटो ल्याकुस्ट्रेन प्रजातिको हुनाले वनस्पतिलाई आवश्यक र यहाँको भुमिमा महत्वर्पुण खनिजको उपलब्धता हुन्छ । यो हावापानी र माटो सुहाउँदो बनस्पति–उत्तिस, शिरिष, पिपल, नासपाती, अम्बा, आरु, आरुबखडा, धान, मकै, कोदो, फापर, आलु, साग, लसुन, प्याज आदि यहाँ राम्रोसंग सप्रन्छन ।

## ४.४ मौसम

तपक्रमका हिसाबले यो ठाउँ मध्यम तापमान उपलब्ध हुने ठाउँ हो । यहाँ मापन गरिएको अधिकतम तापक्रम ३१ डिग्रि सेन्टिग्रेड हो भने न्युनतम तापक्रम २ डिग्री सेन्टिग्रेड छ । उत्तरी गोलार्धका अन्य ठाउँहरुमा जस्तै यहाँ पनि सबभन्दा गर्मी हुने महिना जेठ–असार महिना हो भने सबभन्दा जाडो हुने महिना पुष र माघ हुन् । गाउँको दक्षिण, पुर्व र पश्चिममा खुला भएको र उत्तरमा मात्र शिवपुरी पहाड भएकाले यहाँ सुर्यको किरण पर्याप्त मात्रामा उपलब्ध हुन्छ । यही कारणले यहाँको सापेक्षित आद्रता घट्न खोजे पनि शिवपुरीको वाष्पयुक्त हावाले गर्दा सापेक्षित आद्रतालाई मौज्दात गरेको छ । चारैतिर डाँडाले घेरेको काठमाडौँ उपत्यकाको एउटा मात्र नगरपालिका भएकाले हावा हुरीको समस्या छैन भने ठुलो नदी र भिरालो पाखा पनि नभएकाले बाढी–पहिरोको चिन्ता पनि यहाँ छैन ।

## ४.५ बर्षा

अत्सार, साउन र भदौ प्रमुख बर्षा हुने महिनाहरु हुन् । त्यसमा पनि साउनमा अधिक बर्षा हुन्छ । यो महिनामा अधिकतम ३६० मिलिलिटर सम्म बर्षा हुन्छ । यस ठाउँमा वर्षको ११० दिन वर्षा हुने जल तथा मौसम विज्ञान विभागको ठम्याई छ । भिरालो ठाउँ र ठुलो खोला नहुँदा अधिक वर्षाका कारण हुने बाढी र पहिराले ज्वलन्त समस्या भने यहाँ छैन ।

## ४.६ मुख्य चाडपर्व

यहाँको मुख्य चाड दशै र तिहार हो । यसका अलवा देशका अन्य भागमा मनाइने चाडपर्वहरु जस्तै छठ, लोछार पनि यहाँ मनाईन्छ । यो शुरुवाती समयमा नेवारहरुको बाहुल्य भएको गाउँ हुनाले नेवारहरुको मौलिक जात्रा चाडपर्व पनि यहाँ धुमधामका साथ मनाइन्छ । नेवार समुदायले विक्रम सम्वत नयाँ वर्षको शुरुवातीसँगै वैशाख १–३ सम्म विस्केट जात्रा हर्षोल्लासका साथ मनाउँछन । गाईजात्रा, ईन्द्रजात्रा, होली पर्व, नेपाल संवत, नयाँ वर्ष भिन्तुना जस्ता अन्य जात्रा पनि यहाँका नेवार समुदायले मनाउने गर्दछन् ।

## ४.७ वनजङ्गल

यस नगरपालिकाको वडा नं ६ मा लाखेडाडा सामुदायिक वन रहेको छ । ६ रोपनी क्षेत्रफलमा फैलिएको यस सामुदायिक वनमा मुख्यरुपमा उत्तिस, बाँस रोपिएका छन् । त्यस्तै वडा नं ७ मा एक सरकारी वन छ । सो वन १० रोपनी क्षेत्रफलमा फैलिएको छ । यी १६ रोपनी क्षेत्रमा फैलिएका २

वटा वनहरुबाट ३० भन्दा बढी परिवारहरु लाभान्वित भएको पाइएका छन् । यसै गरी यस नगरपालिकाको वडा नं ४ मा सामुदायिक वन करिब ६० रोपनीमा फैलिएको छ ।

### ४.८ बजार

यस नगरपालिकाको मुख्य बजार बसुन्धारामा पर्दछ । नगरपालिकाको वडा नं ९ मा पर्ने यो बजार गाउँको मुख्य बस्तीबाट करिब १ कि.मि दुरीमा काठमाडौँ महानगरपालिकाको सिमाना र काठमाडौँ चक्रपथको किनारामा अवस्थित छ । यस नगरपालिकाको वडा नं ८ मा तिलिङ्गटार प्रहरी चौकी रहेकोमा हाल काठमाडौँ महानगरपालिकाको वडा नं ३ मा रहेको छ । नेपाल प्रहरी महाराजगन्ज वृत अर्न्तगत रहेको यस चौकीका जनपद प्रहरीको कार्यक्षेत्र धापासी नगरपालिका र वरिपरिका क्षेत्रहरु रहेका छन् । यहाँका जनताको मुख्य मातृभाषा नेपाली हो । यहाँ तामाङ्ग, गुरुङ्ग, राई, मगर, शेर्पा आदि जातजातिको बसोबास रहेको छ ।

### ४.९ समस्या

यस नगरपालिकामा मोटर बाटोको पहुँच अत्यन्तै सुलभ छ । सार्वजनिक यातायात चढ्नका लागि १ घण्टासम्म हिड्नु पर्ने कुनै पनि परिवार र घर छैन । एक चौथाई भन्दा बढि परिवारको घर कम्पाउण्ड अगाडि नै सार्वजनिक यातायातका साधन आउँछन । यस नगरपालिकामा देखिएका समस्याहरु पनि उत्तिकै छन् । खानेपानीको कमी तथा ढलको उचित व्यवस्थापन नहुनु, विद्यमान ऐन नियमहरु प्रभावकारी रुपमा लागु हुन नसक्नु, दक्ष जनशक्ति स्रोतसाधन तथा बजेटको कमी, अव्यवस्थित शहरीकरण, भुकम्प प्रतिरोधात्मक बिनाको भौतिक संरचना बन्नु, ब्यापार व्यवसायबाट कर असुल्न नसक्नु, बेरोजगार र लागु औषध बढ्दै जानु, बाटोहरुको मर्मत संभार गर्न नसक्नु, स्वास्थ्य चौकीबाट सामान्य उपचार मात्र हुने, बाहिरी जिल्लाबाट बसाईसराई गरी बसोबास गर्न आउनेहरुको संख्या अत्यधिक रुपमा बढ्दै जानु, आदि यहाँका समस्या हुन् । (धापासी नगर प्रोफाइल, २०६८)

### ४.१० शिक्षा

यस नगरपालिकाको ९ वटा वडाको मात्र शिक्षाको अवस्थालाई हेर्दा ६ बर्ष माथिका १४,३२३ जनसंख्यामध्ये १३,०९३ साक्षर छन् । यसरी यहाँको साक्षरता ९१.४१ प्रतिशत रहेको थियो । महिला साक्षरता भने पुरुषभन्दा न्युन देखियो । सो उमेर समुहका ७,०४९ जनसंख्या रहेकोमा ६,९३७ महिला साक्षर छन् । जुन ८७.३३ प्रतिशत हुन आउँछ । यसरी यस नगरपालिकालाई शिक्षाका आधारमा हेर्दा उत्साहजनक साक्षर जागरिक भएको नगरपालिकाको रुपमा लिन सकिन्छ ।

वडागत आधारमा उच्च साक्षरता रहेको वडा नं ८ देखियो । जहाँ ९३.२३ प्रतिशत नागरिक साक्षर छन् । त्यस्तै सबभन्दा न्युन साक्षरता रहेको वडा नं १ रहेको छ । जहाँ जम्मा ८६.३९ प्रतिशत जनता मात्र साक्षर छन् । लिङ्गीय आधारमा साक्षरता हेर्दा महिला पुरुषको साक्षरता स्पष्ट फरक देखिएको छ । सर्म्पुण वडाहरुमा महिला भन्दा पुरुषको साक्षरता अधिक छ । महिला बीच अधिकतम साक्षरता वडा नं ८ मा ८९.७० प्रतिशत छ भने न्युनतम साक्षरता वडा नं १ मा ८२.९७ प्रतिशत रहेको छ । पुरुषको हकमा अधिकतम साक्षरता रहेको ९७.६० प्रतिशत साक्षरता सहितको वडा नं २ हो भने न्युनतम साक्षरता रहेको वडा नं १ हो जहाँ ९०.०४ प्रतिशत पुरुष साक्षर छन् । यसरी वडा नं १ सबै समुहबाट न्युनतम साक्षरता रहेको वडा पाइएको छ ।

# अध्याय–पाचँ

## घरेलु महिला कामदारको सामाजिक पृष्ठभुमि र तिनको वर्तमान अवस्था

यस अध्यायमा प्रस्तुत अध्ययनको उद्देश्य पुरा गर्नको लागि काठमाडौं जिल्लाको टोखा नगरपालिका धापासी क्षेत्रको बसुन्धारा बजारमा विभिन्न घरेलु काममा संलग्न कामदार महिलाहरुको सामाजिक-वैयक्तिक तथा पारिवारिक पृष्टभुमि सम्बन्धी सामान्य विवरण सम्बन्धी विभिन्न माध्यमबाट आवश्यक सुचनाका साथै तथ्याङ्कहरु सङ्कलन गरी ती तथ्याङ्कहरु र सुचनाहरुलाई उमेर, लिंग, जात र जनजाति, शैक्षिक अवस्था तथा कामको अनुभवलाई विभिन्न शिर्षक र उपशिर्षकमा विभाजन गरी प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

### ५.१ घरेलु महिला कामदारको सामाजिक पृष्ठभुमि

#### ५.१.१. उत्तरदाता घरेलु महिला कामदारहरुको उमेर

उमेर मानिसको प्रदत्त पद हो । उमेरका आधारमा समाजमा श्रम विभाजन गरिएको हुन्छ । यसैका आधारमा निश्चित सामाजिक दायित्व, कर्तव्य, भुमिका र सीमाहरू निर्धारण गरिएको हुन्छ । यसैले उमेर कुनै पनि मानिसको एउटा महत्त्वर्पुण विशेषता हो । अध्ययन क्षेत्रबाट संकलन गरिएको घरेलु कामदार महिलाहरुको उमेर सम्बन्धी तथ्यांकलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १ : उत्तरदाता घरेलु कामदार महिलाहरुको उमेर**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| २०–२५ | ५ | २० |
| २५–३० | १० | ४० |
| ३०–३५ | ७ | २८ |
| ३५–४० | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा २५ जना घरेलु महिला कामदारहरुमा उमेरको हिसाबले २० वर्ष देखि ४० वर्ष उमेर समुहका छन् । उमेरको हिसाबमा भन्नु पर्दा २० देखि ४० वर्ष उमेर समुहका घरेलु महिला कामदारहरुको संख्या क्रमशः १०, ७, ५, ३ जना रहेको देखिन्छ । यसरी उमेरका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २५–३० वर्षका महिलाहरुहरू घरेलु कामदारका रूपमा संलग्न भएको देखिन्छ जसको मुख्य कारण यस उमेर समूहका महिलाहरू घर वा घरबाहिरको काम गर्न सक्षम रहेका हुन्छन् भने सबैभन्दा कम ३५–४० वर्षका ३ जना महिला अध्ययन क्षेत्रमा घरेलु कामदारका रूपमा संलग्न रहेका छन् । ३५–४० वर्ष उमेर समूहका घरेलु महिला कामदारको संख्या कम हुनुमा छोराछोरीहरु हुर्किसकेका हुनाले छोराछोरीहरु नै स्वंयम काममा सघाउने र काम गरेर खान सक्ने उमेर भएकाले आफ्ना बाबु आमालाई आफ्नै घरको विभिन्न कामहरु खाना बनाउने, सरसफाईको काम, भाडा धुने जस्ता घरकै काम गरी आराम गर्न लगाउने हुनाले यो उमेर समुहका महिलाको काम गर्ने संख्या कम पाइयो । यसै गरी दोस्रोमा ३०–३५ बर्ष उमेर समुहका ७ जना, चौथोमा २५–३० बर्ष उमेर समुहका ५ जना र अन्तिममा सबैभन्दा कम ३५–४० बर्ष उमेर भएका ३ जना पाईयो ।

### ५.१.२ घरेलु महिला कामदारहरुको जात जातीगत विवरण

जातजाति व्यवस्था समाजमा सामाजिक संगठन तथा संस्था हो । मानिसको आफ्नो जातजातिगत परिचय, पद तथा भुमिका जन्मजात मानिने भएकोले यो अपरिवर्तनशील हुने गर्दछ । यसका आधारमा नै समाजमा श्रमविभाजन, सामाजिक एकता, साँस्कृतिक हस्तान्तरण र स्थायित्व कायम रहेको हुन्छ । यसका साथै परम्परागत ग्रामीण समाजमा जातजातिकै आधारमा मानिसहरूले आफ्नो आफ्नो पेशामा संलग्न हुने गर्दछन् । यस दृष्टिकोणबाट हेर्दा घरेलु महिला कामदारहरुको कुन कुन जात जातीबाट के कस्तो प्रतिनिधित्व भएको छ सो बाट तिनीहरुको सामाजिक अवस्थाको पनि पहिचान हुन सक्छ । त्यसैले तलको तालिकामा अध्ययन क्षेत्रमा संलग्न घरेलु कामदार महिलाहरूको विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं २ : उत्तरदाता घरेलु महिला कामदारको जातजातिगत अवस्था**

| जातजातिगत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | ३ | १२ |
| क्षेत्री | ३ | १२ |
| मगर | ७ | २८ |
| गुरुङ | ६ | २४ |
| तामाङ | ४ | १६ |
| द्यलित | २ | ८ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा जम्मा २५ जना घरेलु महिला कामदारहरू मध्येबाट ब्राह्मण, क्षेत्रीहरूभन्दा जनजाति समूहका महिला कामदारहरुको संलग्नता बढी देखिएको छ । ब्राह्मण क्षेत्रिबाट क्रमशः १२/१२ प्रतिशत घरेलु महिला कामदार रहेका छन जनजाति समुहका महिलाको संख्या क्रमश  मगर २८ प्रतिशत, गुरुङ २४ प्रतिशत, तामाङ १६ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम दलित ८ प्रतिशत रहेको पाईयो । यसरी माथिको तालिकाले के देखाउँछ भने घरेलु कामदारको रुपमा काम गर्ने महिलाहरुको प्रतिनिधित्व सबभन्दा बढी जनजातीबाट भएको छ भने ब्राह्मण क्षेत्री र त्यसपछि अन्य रहेको पाईन्छ । अध्ययन क्षेत्रमा छुवाछुत सामाजिक रुपमा विद्यमान रहेता पनि केही शिक्षित घरमालिकहरूको घरमा भने घर भित्रको कामकाजमा दलित जातीका महिलाको प्रयोग गरिएको भटिएको छ । जनजातिहरूबाट घरेलु कामदार महिलाहरूमा संलग्न हुनुको मुख्य कारण आर्थिक अभाव, कृषि उत्पादन ह्रास, अशिक्षा आदि कारण रहेका छन् भने ब्राह्मण महिलाहरूको असंलग्नता रहनु भनेको उनीहरूको सामाजिक, आर्थिक अवस्था पनि हो ।

### ५.१.३ घरेलु महिला कामदारको पारिवारीक आकार

ग्रामिण क्षेत्रबाट आएका घरेलु महिला कामदारको परिवारको आकार ४ जना देखि ८ जनाको बीचमा पाइएको छ। ४ जना सम्मको परिवार हुनेहरु धेरै कम पाईन्छ। जति धेरै बच्चा हुन्छ त्यती धेरै आमा वुवालाई आर्थिक बोझ हुन्छ। त्यसैले दुई जना भन्दा बढि बच्चा भयो भने महिला कामको खोजिमा बाहिर जानुपर्ने प्रबृति रहेको कुरा तलको तालिकाले प्रष्ट पार्दछ :

**तालिका न ३ : उत्तरदाता घरेलु महिला कामदारको पारिवारिक आकार**

| क सं | आकार | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ४ जनासम्म | २ | १४.२८ | १ | ९.९० | ३ | १२ |
| २ | ५ जनासम्म | ४ | २८.५७ | ३ | २७.२७ | ७ | २८ |
| ३ | ६ जनासम्म | ५ | ३५.७१ | ४ | ३६.३६ | ९ | ३६ |
| ४ | ७ जनादेखि माथि | ३ | २१.४२ | ३ | २७.२७ | ६ | २४ |
| | **कुल** | **१४** | **१००** | **११** | **१००** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं.३ मा घरेलु महिला कामदारहरुको पारिवारीक आकार ४ जना सम्म हुने जम्मा १२ प्रतिशत, ५ जना सम्म हुने २८ प्रतिशत, ६ जना सम्म हुने ३६ प्रतिशत, ७ जना र सो भन्दा माथि हुने ४४ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा ६ जना सम्मको पारिवारको संख्या भएका महिलाहरु सबै भन्दा बढि घरेलु महिलाहरु ठुलो परिवारबाट आएको देखिन्छ। यसरी परिवारको संख्या ठुलो भएपनि खानलाउन पुग्ने अवस्था हुँदाहुँदै घरपरिवार श्रीमानले दिने यातना, श्रीमानले अर्को बिबाह गरेपछि घरबाट निकालि दिने जस्ता बिभिन्न कारणले उत्पन्न हुने मानसिक तनाब, बालबच्चाको उचित पालन पोषण र उच्च शिक्षाका लागि महिलाहरु घरेलु कामदार बनेको स्पष्ट हुन्छ।

### ५.१.४ धार्मिक बनावट

गोलाप्रथाद्वारा छनोटमा परेका २५ जना घरेलु महिला कामदारहरुको धार्मिक अवस्था

**तालिका नं ४ : महिला कामदारहरुको धार्मिक बनावट**

| **क.सं** | **धर्म** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | हिन्दु | १४ | ५६ |
| २ | बौद्ध | ६ | २४ |
| ३ | क्रिश्चियन | ३ | १२ |
| ४ | धर्म नखुलेका | २ | ८ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं.४ ले के स्पष्ट पारेको छ भने यस अध्ययन क्षेत्रमा पनि हिन्दु धर्म मान्ने महिला कामदारको संख्या अधिक रहेको छ। ५६ प्रतिशत घरेलु महिला कामदारहरु हिन्दु धर्मका रहेका छन् भने २४ प्रतिशत बौद्ध धर्मका, १२ प्रतिशत क्रिश्चियन धर्मका र ८ प्रतिशत धर्म नखुलेका महिलाहरु रहेका छन् ।

### ५.१.५ घरेलु महिला कामदारहरुको स्थायी बासस्थान

काठमाडौं जिल्लाको टोखा नगरपालिका अर्न्तगत धापासीको विभिन्न क्षेत्रमा.२५ घरहरुमा गरिएको अध्ययनमा घरेलु महिला कामदारहरु देशका विभिन्न क्षेत्रहरुबाट आएको बुझीयो । नेपालका तराई, पहाड, मधेश जस्ता ठाउँहरुबाट उनीहरु यहाँ आएका छन् । जसलाई तलको तालिकामा प्रष्ट्याउने कोशिस गरिएको छ।

**तालिका नं ५ : जिल्लाका आधारमा घरेलु महिला कामदारको वितरण**

| **जिल्ला** | **महिला** | **प्रतिशत** |
|---|---|---|
| सिराहा | ७ | २८ |
| नवलपरासी | ५ | २० |
| तेह्रथुम | ४ | १६ |
| दोलखा | ३ | १२ |
| कञ्चनपुर | १ | ४ |
| नुवाकोट | ३ | १२ |
| अन्य | २ | ८ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं ५ अनुसार छनौट गरिएका कुल २५ जना उत्तरदाताहरु मध्ये जिल्लाका आधारमा हेर्दा सिराहाबाट २८ प्रतिशत, नवलपरासीबाट २० प्रतिशत, तेह्रथुमबाट १६ प्रतिशत, दोलखा र नुवाकोटबाट १२/१२ प्रतिशत, कन्चनपुरबाट ४ प्रतिशत र अन्यबाट ८ प्रतिशत देखिन्छ यसबाट यो प्रष्ट हुन्छ की काठमाडौँ सम्म यातायातको सुविधा हुने ठाउँबाट बढी कामको खोजीमा आउने गर्दछन् । घरेलु कामदारहरुमा प्रायजसो पश्चिम तराईको प्रतिनिधित्व बढी गरेको देखिन्छ । पहाडका बालबालिकाहरु मुख्यतया भारततर्फ कामको खोजिमा जाने गरेको पाईयो किनकी उनीहरुको अग्रजहरु पहिले देखिनै भारततर्फ रोजगारीको लागि जाने गर्दथे ।

### ५.१.६ घरेलु महिला कामदारको पारिवारीक पेशागत बिवरण

घरेलु महिला कामदारका परिवारहरु विभिन्न पेसामा संलग्न रहेको पाईन्छ । कुन कुन पेसामा संलग्न परिवारका महिलाहरु घरेलु कामदार बन्न घर छोडेर अन्यत्र जाने गर्दछन् सो अवस्था बुझ्न तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तालिका नं. ६ : पेसाका आधारमा घरेलु महिला कामदारको पारिवारीक पृष्ठभुमी**

| क. सं | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १२ | ४८ |
| २ | ज्यालामजदुरी | ४ | १६ |
| ३ | नोकरी | ४ | १६ |
| ४ | ब्यापार | ३ | १२ |
| ५ | अन्य | २ | ८ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं.६ मा देखाएअनुसार २५ जना घरेलु महिला कामदारहरुको परिवार मुख्यतः ४ वटा पेसामा आश्रित रहेको देखिन्छ। आश्रित पेसामा पनि कृषिमा सबैभन्दा बढी ४८ प्रतिशत, ज्यालादारी तथा नोकरीमा १६/१६ प्रतिशत , व्यापारमा १२ प्रतिशत र अन्यमा ८ प्रतिशत संलग्न रहेको पाईन्छ। यसबाट के स्पष्ट हुन्छ भने महिला कामदारका घरेलु अन्य सदस्यको नगद आय आर्जन हुने पेसामा कम संलग्नता रहेको छ जसले गर्दा महिला नै आय आर्जनको माध्यम बन्न पुग्दछन्। साथै नगद आय आर्जनको अरु कुनै पेसा नभए पछि छोरा छोरीको सपना पुरा गरी दिन नगद आय आर्जन नहुदा घर परिवार चलाउन गाह्रो हुने भएकाले महिला आँफु स्वयम नै घरेलु काममा संलग्न भएको पाईन्छ।

### ५.१.७ महिलाहरु घरेलु कामदार बन्न आउने माध्यमहरु

घरेलु कामदारको रूपमा संलग्न महिलाहरू विभिन्न माध्यमबाट यस क्षेत्रमा काम गर्न आएका देखिन्छन् । धेरै जसो महिलाहरु घरेलु कामदार बन्न रोजगारदाता वा आफ्नै नजिकका नातेदारहरुबाट पनि शहरमा पुऱ्याइछन । यसका साथै बुवा आमाको सल्लाहमा र सम्पर्कमा पनि घरेलु कामदारका रुपमा काम गर्न जाने गरेको तथा कतिपय आफ्नै निर्णयबाट पनि घरेलु कामदार

बन्ने गरेको पूर्वअध्ययनमा पाइन्छ । अध्ययन क्षेत्रका महिलाहरु कसरी घरेलु कामदार बन्न आइपुगे भन्ने तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं ७ : उत्तरदाता घरेलु कामदार बन्न आउने माध्यम**

| माध्यम | महिला | प्रतिशत |
|---|---|---|
| आमा बाबु | १ | ४ |
| रोजगारदाता | ६ | २४ |
| गाउँले | ७ | २ |
| नातेदार | ८ | ३२ |
| साथीभाई | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन,** २०७४

माथिको तालिका अध्ययन क्षेत्रमा घरेलु कामदारको रूपमा काम गर्न आएका महिलाहरू आमा बुवा, रोजगारदाता, गाउँले र नातेदार र साथीभाईको सम्पर्क वा माध्यमबाट आएका देखिन्छ । सबैभन्दा बढी नातेदारको माध्यमबाट ३२ प्रतिशत, रोजगारदाताका माध्यमबाट २४ प्रतिशत, साथीभाईका माध्यमबाट १२ प्रतिशत, आमाबाबुका माध्यमबाट ४ प्रतिशत र गाउँलेका माध्यमबाट २ प्रतिशत महिलाहरु अर्काको घरमा काम गर्न बाध्य छन । सबै भन्दा बढि नातेदार, रोजगारदाता र साथीभाईका माध्यमबाट घरेलु कामदार बन्न पुगेका छन् भने आमाबाबु र गाउँलेको माध्यमबाट कम महिला कामदार बन्न पुगेको देखिन्छ । यसरी विभिन्न माध्यमबाट महिलाहरू अर्काको घरमा विभिन्न काममा संलग्न रहेका देखिन्छन् ।

### ५.२ घरेलु महिला कामदारहरुको बर्तमान अवस्था

यस शिर्षकमा प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्नको लागि काठमाडौं जिल्लाको टोखा नगरपालिकाका विभिन्न क्षेत्रमा घरेलु काममा संलग्न महिला कामदारहरुको वर्तमान अवस्था

सम्बन्धी विभिन्न माध्यमबाट आवश्यक सुचनाका साथै तथ्याङ्कहरु सङ्कलन गरी ती तथ्याङ्कहरु र सुचनाहरुलाई विभिन्न शिर्षक र उपशिर्षकमा विभाजन गरी प्रस्तुति तथा विश्लेषण गरिएको छ ।

### ५.२.१ घरेलु कामदार महिलाहरूले गर्ने कामको प्रकृति

घरेलु कामदार महिलाहरूले गर्ने कामको सीमाङ्कन गर्न निकै गाह्रो विषयवस्तु हो । उनीहरूले घरको सरसफाई गर्ने, खाना पकाउने, भाँडा धुने, लुगा धुने, बालबच्चाको रेखदेख गर्ने, केटाकेटीहरूलाई स्कुल पुयाउने तथा ल्याउने देखि लिएर घरमालिक तथा उनका परिवारका सदस्यले अराएको जुनसुकै काम गर्नु पर्ने हुन्छ । तलको तालिकामा अध्ययन क्षेत्रका घरेलु महिला कामदारहरुले गर्ने कामको प्रकृतिलाई प्रस्तुत गरिएको छ :

**तालिका नं ८ : उत्तरदाता घरेलु महिला कामदारहरुले गर्ने कामको प्रकृति**

| क.सं | विवरण | महिला | प्रतिशत |
|---|---|---|---|
| १ | घरधन्धाको काम | १४ | ५६ |
| २ | पशुपालन तथा खेतीपाती | २ | ८ |
| ३ | घर तथा ब्यापार | ६ | २४ |
| ४ | अन्य | ३ | १२ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा अध्ययन क्षेत्रका घरेलु महिला कामदारहरुको वैयक्तिक अध्ययनको आधारमा सबैभन्दा बढी घरधन्दा तथा बालबालिकाको रेखदेख गर्ने काममा ५६ प्रतिशत, घर तथा ब्यापारमा २४ प्रतिशत, अन्य काम गर्नेमा १२ प्रतिशत र खेतीपाती तथा पशुपालन गर्नेमा सबैभन्दा कम ८ प्रतिशत पाईयो । ती घरेलु कामदार महिला कामदारहरूले घरमालिक तथा घरधन्दा बाहेकका अन्य देखे जतिका र मालिक तथा उसका परिवारले गराए जतिका जुनसुकै काममा संलग्न रहनु परेको बताए । यस तालिकालाई विश्लेषण गर्दा घरधन्दा, बालबच्चाको रेखदेखमा महिला घरेलु कामदारको संलग्नता धेरै रहेको छ भने घरबाहिर तथा पशुपालन र खेतपातीको काममा भने घरेलु महिलाको संख्या कम रहेको देखिन्छ ।

### ५.२.२ घरेलु महिला कामदारले काम गर्ने समयावधि (दैनिक घण्टामा)

घर भित्रका प्राय: जसो कामहरु अनौपचारिक हुने हुँदा कसले कति घण्टा काम गर्ने हो त्यसको सिमा हुँदैन । घर भित्र र बाहिरका असिमित विभिन्न प्रकृतिका कामहरु घरेलु महिला कामदारहरुले बिहान सबेरै उठे देखि राती अबेर सम्म गर्ने गरेको पाईन्छ । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ –

**तालिका नं ९ : उत्तरदाता महिला कामदारले काम गर्ने समयअवधि**

| क.सं | काम गर्ने समयअवधि(घण्टामा) | महिला | प्रतिशत |
|---|---|---|---|
| १ | ३ देखि ४ | १५ | ६० |
| २ | ५ देखि ६ | ५ | २० |
| ३ | ७ देखि माथि | ५ | २० |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

घरेलु महिला कामदारले गर्ने काम यति नै भनेर परिभाषित हुँदैन र त्यसले गर्दा कति घण्टा काम गर्नु पर्छ त्यो पनि निधो हुँदैन, यसको कुनै बिधान छैन । माथिको तालिकामा हेर्दा के प्रष्ट हुन्छ भने सरदर ३–६ घण्टा भन्दा माथि घरेलु महिला कामदारले काम गर्दछन् । ३–४ घण्टा सम्म काम गर्ने ६० प्रतिशत छन् भने ५–६ घण्टा सम्म काम गर्ने र ७ घण्टाभन्दा माथि काम गर्नेहरु २०/२० प्रतिशत देखिन्छन् । यसबाट स्पष्ट हुन्छ कि उनीहरुलाई काम गर्ने घण्टा तोकिएको छैन । त्यसैले उनीहरुले जति धेरै काम भए पनि जति बढि घण्टा लाग्ने भए पनि गर्नै पर्छ र गर्ने गर्दछन् । त्यसैले श्रमिकको रुपमा घर मालिकले बालकलाई भन्दा बयस्क कामदारलाई नै रुचाउँछन् । किन भने बयस्कले काम गर्दा नबिगारी राम्रो काम गर्ने र उनीहरुलाई काम गर्न सिकाउन नपर्ने हुनाले घरेलु कामदारको रुपमा महिलालाई नै बढि राख्ने गरेको पाईन्छ ।

**५.२.३ महिलाहरु घरेलु कामदार बन्नुका कारणहरु**

के कति कारणले महिलाहरु अर्काको घरका विभिन्न काममा संलग्न हुन पुग्छन् भन्ने सन्दर्भमा भएका पुर्व अध्ययनहरुले विभिन्न कारणहरू प्रस्तुत गरेका छन् । ती कारणहरूमध्ये भौगोलिक र राजनीतिक बाधाहरू, लैङ्गिक विभेद, पारिवारिक विमेल तथा आमाबाबुमा सम्बन्ध विच्छेद, शहरी क्षेत्रमा कामको अवसर, ठुलो परिवार, गरिवी, बालबच्चा धेरै हुनु, आधारभूत आवश्यक्ता पूरा गर्न नसक्नु, साथीभाईको लहैलहै आदि हुन् । केही महिलाहरू त आफ्नो एक पेट पाल्नकै लागि भए पनि अर्काको घरमा घरेलु कामदारका रूपमा काम गर्न बाध्य हुन पुग्छन् । यसरी घरायसी काममा संलग्न हुन पुगेका घरेलु महिला कामदारहरुले कामको दौरानमा अनेकौ प्रकारका समस्याहरुको सामना गर्नु परेको पाईन्छ । यस अध्ययन क्षेत्रमा घरेलु कामदार महिलाहरू के कति कारणले अर्काको घरमा काम गर्न बाध्य भए भन्ने कारणहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १० : उत्तरदाता महिलाहरु घरेलु कामदार बन्नुका कारणहरु**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शहर बजारतिर कामको अवसर बढी हुनु | ३ | १२ |
| राम्रो शिक्षाको चाहना | ५ | २० |
| घरेलु हिंसा | ९ | ३६ |
| ठुलो परिवार | ४ | १६ |
| लैङ्गिक विभेद | १ | ४ |
| अशिक्षा | २ | ८ |
| साथीहरुको संगत | १ | ४ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा घरेलु कामदार बन्नुका कारणहरुमा सबैभन्दा बढी घरेलु हिंसाका कारण ३६ प्रतिशत महिलाहरु घरेलु कामदारमा संलग्न भएको पाईयो । त्यसपछि राम्रो शिक्षाको चाहनाले २० प्रतिशत, ठुलो परिवार भएका कारण १६ प्रतिशत, शहर बजारतिर कामको अवसर बढी भएका कारण १२ प्रतिशत, अशिक्षाका कारण ८ प्रतिशत र लैङ्गिक विभेद र साथीहरुको संगतले भन्नेमा ४/४ प्रतिशत पाईयो । यसरी माथिको तालिकामा सबैभन्दा ठुलो समस्या घरपरिवार श्रीमानले दिने यातना, श्रीमानले अर्को बिबाह गरेपछि घरबाट निकालि दिने जस्ता बिभिन्न कारणले उत्पन्न हुने मानसिक तनाब, बालबच्चाको उचित पालन पोषण र उच्च शिक्षाका लागि महिलाहरु घरेलु कामदार बनेको स्पष्ट हुन्छ । यहाँ, अध्ययनमा प्रस्तुत गरिएका महिलाले श्रीमानले कान्छी ल्याएपछि अपहेलना गर्ने परिवारको सदस्यले पनि वास्ता नगर्ने शारिरिक तथा मानसिक यातना दिने गरेकै कारण आँफु घरेलु कामदार हुन वाध्य भएको कुरा सुनाएका थिए ।

### ५.२.४ महिला कामदारको पारिश्रमिक विवरण

घरेलु महिला कामदारमा पारिश्रमिक पाउने अवस्था घरमालिक र कामको प्रकृतिमा भर पर्दछ । घरेलु महिला कामदारहरुले पाउने पारिश्रमिकलाई तलको तालिकामा उल्लेख गरिएको छ

**तालिका नं ११ : उत्तरदाता महिलाले पाउने पारिश्रमिक विवरण**

| क सं | पारिश्रमिक (मासिक) | महिला | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५०००–१०००० सम्म | १८ | ७२ |
| २ | रु १००००–१५००० सम्म | ७ | २८ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका न.११ मा मासिक पारिश्रमिक पाउने घरेलु कामदार मध्ये रु ५००० – रु १०००० सम्म पाउनेहरुमा सबैभन्दा बढी ७२ प्रतिशत देखियो भने रु १००००–१५००० पाउने सबैभन्दा २८ प्रतिशत मात्र देखियो । यसरी हेर्दा धेरै जसो महिला कामदारले कम ज्यालामा काम गर्न बाध्य भएको देखियो ।

### ५.२.५ घरेलु महिला कामदारको निवासको विवरण

घरेलु कामदार बनेका महिलाहरुको आफ्नो घर कस्तो खालको छ भन्ने कुरा तलको तालिका बाट थाहा पाउन सकिन्छ –

**तालिका नं १२ : उत्तरदाता घरेलु महिला कामदारको निवासको प्रकृति**

| क सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टिनको छाना, माटो र इट्टाको भित्ता भएको | १९ | ७६ |
| २ | झुप्रो घर हुनेहरु | ३ | १२ |
| ३ | घर नहुनेहरु | ३ | १२ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत** : स्थलगत **सर्बेक्षण, २०७४**

माथिको तालिका नं १२ लाई हेर्दा ७६ प्रतिशत महिला कामदारहरुको गाउँमा आफ्नै सामान्य किसिमको घर रहेको र १२ प्रतिशतको झुप्रो घर रहेको देखिन्छ भने १२ प्रतिशतको नै घर नभएको पनि देखिन्छ । यसलाई विश्लेषण गर्दा प्रायः जसो महिला कामदारहरुको आफ्नै सामान्य घर रहेको र दुःख सुख खान पुगे पनि छोराछोरीको उच्च शिक्षाका लागि अरुकोमा काम गरेको विश्लेषण गर्न सकिन्छ ।

### ५.२.६ घरेलु कामदार महिलाहरुको शैक्षिक विवरण

शिक्षा तथा साक्षारताले मानिसको सामाजिक, आर्थिक र वौद्धिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । कुन देश कति विकशित छ भन्ने कुरा पनि शिक्षाको स्तरले निर्धारण गर्दछ । शिक्षाले नै विकासका सम्पुर्ण ढोकाहरु खोलिदिन्छ । सामान्यतया लेखपढ गर्न जान्नेलाई साक्षर भनिन्छ । आमा बाबु शिक्षित भए स्वभाविक रुपमा त्यो परिवार शिक्षित हुन्छ र उसले आफ्नो मात्र हैन भावि सन्ततिको पनि भविष्य उज्वल बनाइदिन्छ । महिलाको घरेलु  कामदार बन्न आउनु अघिको शैक्षिक स्तर के कस्तो रहेको थियो भन्ने तथ्यलाई तलको तालिकामा देखाईएको छ :

**तालिका नं १३ : उत्तरदाता घरेलु कामदार बन्न आउनु अघिको शैक्षिक अवस्था**

| **शैक्षिक तह** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| प्रा.वि | १३ | ५२ |
| मा.वि | ५ | २० |
| कलेज | ३ | १२ |
| पढ्न, लेख्न जान्दै नजान्ने | ४ | १६ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा प्रा.वि सम्म पढ्नेको संख्या सबैभन्दा बढी ५२ प्रतिशत, मा.वि सम्म पढ्नेको संख्या २० प्रतिशत, पढ्न, लेख्न कत्ति पनि नजान्नेको संख्या १६ प्रतिशत र कलेज सम्म पढ्नेको संख्या सबै भन्दा थोरै १२ प्रतिशत देखियो । यी तथ्यका आधारमा के भन्न सकिन्छ भने प्रा.वि सम्म पढी छोडेर काममा संलग्न महिलाहरूको संख्या धेरै रहेको देखिन्छ । महिलाहरु सानो उमेरमा नै विभिन्न कारणले स्कुलमा पढ्न छोडेर अर्काको घरमा काम गर्न बाध्य भएका देखिए ।

### ५.२.७ घरेलु महिला कामदारले काम बिर्गादा पाएको सजाय

अध्ययन क्षेत्रमा विभिन्न घरेलु काममा संलग्न महिलाहरूको घरायसी काममा उल्लेखनीय भुमिका रहे पनि उनीहरूबाट काम गर्दा केही न केही गल्ती हुने गर्दछ । उनीहरूले काम बिर्गादा वा गल्ती गरेको अवस्थामा के कस्तो सजाय पाउने गरेका छन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १४ : उत्तरदाता  कामदारले काम बिर्गादा पाएको सजाय**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सम्झाएर गाली पाउने | १७ | ६८ |
| गाली पाउने | ५ | २० |
| कुटपट गरिने | ३ | १२ |
| | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकाबाट प्रष्ट भएको छ कि घरेलु कामदार महिलाहरुले काम बिर्गादा उनीहरुलाई सम्झाउदै काम लगाउने मालिकहरु पाएका महिलाहरुको संख्या ६८ प्रतिशत देखिएको छ भने २० प्रतिशतले चित्त दुख्ने गरी गालि गरेको र १२ प्रतिशतले यातना समेत दिने गरेको देखियो । तुलनात्मक रुपले हेर्दा आधाभन्दा बढी घरेलु महिला कामदारहरूलाई घरमालिकहरूले सम्झाएर गाली गर्ने गरेको देखिन्छ । गाली पाउने अलि कम देखिन्छ भने काम विगार्दा कुटपिट या यातना पाउनेको संख्या न्युन रहेको देखिन्छ । यस अध्ययनमा घरमालिकहरूको व्यवहारमा धेरै परिवर्तन आईसकेको छ जसको फलस्वरुप सम्झाउदै, फकाएर काममा लगाउने प्रबृति बढेर गएको छ । किन भने अहिलेका घरमालिकहरु पढे लेखेका, शिक्षित, सभ्य र कानुन बारे राम्ररी जानकार भएको तथ्यांकले देखाएको छ ।

### ५.२.८ घरेलु महिला कामदारको स्वास्थ्य स्थिति

आफ्नो घरपरिवारबाट अलग्गिएर अर्काको घरमा बसेर घरभित्र तथा बाहिरका विभिन्न काम गर्नुपर्दा तिनीहरूले वर्तमानमा के कस्तो जीवन भोगिरहेका छन् । अध्ययन क्षेत्रमा संलग्न घरेलु महिला कामदारको स्वास्थ्य स्थिति के कस्तो छ भन्ने कुराले पनि घरेलु महिला कामदारहरू बाँचेको वर्तमान अवस्थाको बारेमा थाहा पाउन सकिन्छ । अरुको घरमा काम गर्न बसेका घरेलु महिलाहरु बिरामी नहुने त कुरै भएन । उनीहरु के कस्ता रोगहरुबाट बढि पिढित हुँदा रहेछन् भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं १५ : उत्तरदाता महिला कामदारको रोगको प्रकृति**

| क.सं | रोगको प्रकृति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पेट दुख्ने | १ | ४ |
| २ | रुघाखोकी | ५ | २० |
| ३ | टाउको दुख्ने | ३ | १२ |
| ४ | ज्वरो आउने | ८ | ३२ |
| ५ | छाती दुख्ने | १ | ४ |
| ६ | कम्मर दुख्ने | ७ | २८ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकामा अध्ययन क्षेत्रमा अर्काको घरमा विभिन्न काममा संलग्न महिलाहरुलाई ज्वरो, रुघाखोकी, पेट दुख्ने, टाउँको दुख्ने, छाती दुख्ने, कम्मर दुख्ने, आदि रोग लाग्ने गरेको देखिन्छ । यस तालिकालाई हेर्दा सबै भन्दा बढि ३२ प्रतिशत ज्वरो आउने, २८ प्रतिशत कम्मर दुख्ने, २० प्रतिशत रुघाखोकी, १२ प्रतिशत टाउको दुख्ने र ४/४ प्रतिशत छाती दुख्ने र पेट दुख्नेबाट पिढित भएको देखिन्छ । समग्रमा ज्वरो, कम्मर दुख्ने, रुघाखोकी र टाउको दुख्ने समस्याहरुबाट महिलाहरु बढि मात्रामा पिढित रहेको देखिन्छ । यसको मुल कारण उनीहरु माथि रहेको कामको बोझले गर्दा पनि हुन सक्छ ।

### ५.२.९ घरेलु महिला कामदाहरुको औषधी उपचार सुबिधा

घरेलु महिला कामदारहरू विभिन्न किसिमका बिरामीहरू ज्वरो, टाउको दुख्ने, पेटसम्बन्धी रोगहरूबाट पिडित देखिन्छन् । यसरी विरामी हुनुका पछाडि राम्रो खानाको व्यवस्था नहुनु, काममा आराम नहुनु नै हुन् । महिलाहरुले विरामी हुँदा पाउने गरेको उपचार विधिका बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १६ : उत्तरदाता महिला कामदारहरुको औषधी उपचार सम्बन्धी सुविधा**

| **क.सं** | **सुविधा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | डाक्टरकोमा जाने | ८ | ३२ |
| २ | पसलबाट किन्ने | १२ | ४८ |
| ३ | घरेलु उपचार गर्ने | ५ | २० |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिकालाई हेर्दा ४८ प्रतिशत महिलाहरुले बिरामी हुँदा मेडिकल पसलमा गई उपचार पाउने गरेको देखिन्छ भने ३२ प्रतिशतले मात्र अस्पतालमा डाक्टरलाई भेटेर उपचार लिने गरेको देखिन्छ । त्यसैगरी २० प्रतिशत महिलाहरूले सामान्य घरेलु उपचार पाउने गरेको देखिन्छ । यी तथ्यको आधारमा के भन्न सकिन्छ भने विरामी हुने महिलाहरूले राम्रो उपचार पाउने गरेको देखिदैन किनकी आधाजसो बिरामी महिलाहरूले मेडिकल पसलबाट औषधि मुलो गर्नु परेको र केही महिलाहरूको उपचार सामान्य घरेलु उपचार मात्र पाउने गरेको देखिन्छ । अध्ययन क्षेत्रमा अझै घरेलु महिला कामदारहरू विरामी हुँदा अस्पतालमा नै डाक्टरलाई भेटेर उपचार नपाउनु दुर्भाग्यकै कुरा हो ।

## ५.३ घरेलु महिला कामदारको घरमालिक र अन्य सदस्यसँगको सम्बन्ध

### ५.३.१ घरेलु महिला कामदारको घरमालिक सँगको सम्बन्ध

रोजगारदाता (घरमालिक) सँग घरेलु महिला कामदारहरुको के कस्तो सम्बन्ध रहेको छ भन्ने कुरालाई तलको तालिकाले स्पष्ट पार्दछ –

**तालिका नं १७ : उत्तरदाता घरेलु महिला कामदारको घर मालिक सँगको सम्बन्ध**

| सम्बन्ध | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १८ | ७२ |
| नराम्रो | २ | ८ |
| ठिकै | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन,२०७४**

नोट : राम्रो :– राम्रो खान, बस्न, पढ्न सुबिधा दिएकाले, आवश्यकता अनुसार काममा मदत गर्ने, बिरामी हुँदा औषधी उपचार गर्ने, घरको सदस्य जस्तै मान्ने भएकाले ।

नराम्रो :– जति काम गरे पनि जस नदिने, सानो तिनो गल्ती लाई पहाड बनाई नराम्रो सँग गाली गर्ने, कहिले काहि यातना समेत दिने भएकाले ।

ठिकै :– कामदारको दर्जामा राखे पनि आवश्यक सेवा सुबिधा उपलब्ध गराइ दिने भएकाले

माथिको तालिका न. १७ लाई हेर्दा सबै भन्दा बढि ७२ प्रतिशत महिला कामदारहरुको रोजगारदातासँग राम्रो सम्बन्ध रहेको देखिन्छ, १२ प्रतिशतको ठिकै सम्बन्ध र ८ प्रतिशतको नराम्रो रहेको पनि देखिएको छ । पहिलेको तुलनामा घरमालिकले (रोजगारदाताले) महिला कामदार प्रति गर्ने व्यवहार राम्रो बढि देखिएको छ । यसबाट प्रष्ट हुन्छ कि घर मालिकले घरेलु महिला कामदार प्रति गर्ने व्यवहारमा सकरात्मक परिवर्तन आएको छ । यसको मुख्य कारण घरमालिक शिक्षित र व्यस्त भएकाले हुन सक्छ ।

### ५.३.२ महिला कामदारको घरमालिकका परिवारका अन्य सदस्यसँगको सम्बन्ध

घरेलु कामदार महिलाहरूको वर्तमान अवस्थाको बारेमा थाँहा पाउन घरमालिक तथा घरमालिकका परिवारको अन्य सदस्यसँगको सम्बन्ध पनि एक महत्वर्पुण उपकरण हो । त्यसैले तलको तालिकामा अध्ययन क्षेत्रका घरेलु कामदार महिलाहरूको घरमालिकसँग र अन्य सदस्यसँग रहेको सम्बन्धका बारेमा प्रस्तुत गरिएको छ

**तालिका नं १८ : उत्तरदाता महिला कामदारको घरमालिकका परिवारका अन्य सदस्यसँगको सम्बन्ध**

| **सम्बन्ध** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १७ | ६८ |
| नराम्रो | ३ | १२ |
| ठिकै | ५ | २० |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

नोट : राम्रो :– आवश्यकता अनुसार काममा सघाउने, प्रोत्साहन गर्ने

नराम्रो :– गाली गर्ने, कुरा लगाएदिने, कुट्ने

ठिकै :– घरेलु महिला कामदारको दर्जामा राखे पनि बेला मौकामा सहयोग गर्ने

माथिको तालिका न.१७ लाई हेर्दा सबैभन्दा बढी ६८ प्रतिशत महिलाहरुको सम्बन्ध राम्रो रहेको देखिन्छ । त्यस्तै गरी २० प्रतिशतले ठिकै सम्बन्ध र १२ प्रतिशतले नराम्रो सम्बन्ध राख्ने गरेको पाईन्छ । तुलनात्मक रुपले विश्लेषण गर्दा महिला कामदारप्रति सकरात्मक व्यवहार बढिरहेको देखिन्छ । निष्कर्षमा भन्नु पर्दा घरेलु महिला कामदारहरु प्रति घरमालिकका परिवारका अन्य सदस्यहरुसँग पनि राम्रो सम्बन्ध बढि रहेको देखिन्छ । पहिलेको तुलनामा अन्य सदस्यहरुको महिला कामदारप्रति गरिने व्यवहारमा धेरै नै सकरात्मक परिवर्तन आएको छ ।

### ५.३.३ पेशागत आधारमा रोजगारदाताहरुको विवरण

रोजगारदाताहरुको पेसागत स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तालिका नं १९ : रोजगारदाताहरुको पारिवारिक विवरण**

| पेशागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| इन्जिनियर | २ | ८ |
| डाक्टर | २ | ८ |
| प्रोफेसर | ७ | २८ |
| व्यापारी | ४ | १६ |
| कर्मचारी | १० | ४० |
| **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं.१८ लाई विश्लेषण गर्दा घरेलु महिला कामदार राख्ने विभिन्न व्यवसायीहरु मध्ये कर्मचारीहरु सबैभन्दा बढि ४० प्रतिशत, प्रोफेसरहरु २८ प्रतिशत, व्यापारीहरु १६ प्रतिशत र इन्जिनियर तथा डाक्टर ८/८ प्रतिशत रहेको पाईन्छ । यसरी हेर्दा घरेलु महिला कामदार राख्ने चलन दिनानुदिन बढ्दै गएको देखिन्छ । आर्थिक रुपमा सम्पन्न र बढि व्यस्त हुने मानिसहरुले मात्र घरेलु महिला कामदार राख्ने गरेको पाइयो ।

### ५.३.४ घरमालिकको पारिवारिक आकार

कस्तो परिवारमा घरेलु महिला कामदारहरु राखिदा रहेछन् भन्ने कुरालाई यस तालिकाले प्रष्ट पार्दछ । रोजगारदाताको पारिवारीक आकार तलको तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं २० : घरमालिकको पारिवारिक आकार**

| क.सं | परिवारिक आकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ वा ४ भन्दा कम | १५ | ६० |
| २ | ५ जना | ३ | १२ |
| ३ | ६ जना वा सोभन्दा माथि | ७ | २८ |
| | **जम्मा** | **२५** | **१००** |

**स्रोत : स्थलगत अध्ययन, २०७४**

माथिको तालिका नं.१९ ले घरमालिकहरुको पारिवारीक अवस्थालाई देखाएको छ जसमा ४ जना वा सो भन्दा कम पारिवारीक सदस्य भएका ६० प्रतिशत, ५ जना भएको १२ प्रतिशत, ६ जना र सो भन्दा माथि सदस्य रहेका २८ प्रतिशत रहेको देखिन्छ । जसबाट स्पष्ट हुन्छ कि एकल परिवारले गर्दा पनि घरेलु महिला कामदार राख्ने प्रचलनलाई ठुलो बढुवा दिएको छ । तुलनात्मक रुपले हेर्दा सयुक्त परिवारमा भन्दा एकल परिवारमा घरेलु महिला कामदाहरु बढि देखिन्छ ।

# अध्याय : छ

## घरेलु महिला कामदार बन्नु पर्नाका कारण तथा समस्याहरु

### ६.१ घरेलु महिला कामदार बन्नु पर्नाका कारणहरु

विशेष गरी कुनै पनि व्यक्तिको चाहना धेरै भन्दा धेरै कमाउने, आर्थिक स्तर सुधार गर्ने र आर्थिक अवसरको प्राप्तीको निम्ति नै घरेलु कामदारमा संलग्न हुने गर्दछन् भन्ने मान्यता रहि आएको छ । यसलाई जे जति तरिकाबाट व्याख्या र विश्लेषण गरेतापनि केही विद्यमान सिद्धान्तहरुले घरेलु कामदार बन्नुका पछाडि आर्थिक तत्वहरु जस्तै : गरिबी, बेरोजगारी, अर्धबेरोजगारी, निम्न जीवनस्तर जस्ता पक्षहरु मात्र जिम्मेवार रहन्छन् भन्ने मान्यता राखेका छन् ।

नेपाली महिलाहरुको सन्र्दभमा पनि कुरा गर्नु पर्दा घरेलु कामदारका रुपमा रहदा विभिन्न किसिमका यातना भोग्नुको कारक तत्व आर्थिक मात्र नभएर बावुआमाको सानैमा मृत्यु, श्रीमानसँग सम्बन्ध विच्छेद , माओवादी द्धन्द, श्रीमानले दोस्रो विबाह गरेका कारणले गर्दा पनि महिला घरेलु कामदारका रुपमा शहर पस्ने गरेको पाईयो । घरेलु कामदारमा प्राय गरेर ग्रामिण भेगका जहाँ अवसरको संभावना कम, वेरोजगारी, निम्न जिवनस्तर, आर्थिक अवस्था एकदमै नाजुक अवस्थाका महिला पाईयो यति मात्र नभएर पारिवारिक जिम्मेवारी, घरेलु हिंसा, छोराछोरी प्रतिको उत्तरदायित्व पुरा गर्नुपर्ने अवस्थाका कारण कामदारका रुपमा शहर पस्ने गरेका छन् ।

#### ६.१.१ घरेलु हिंसा र पारिवारिक सामाजिक द्धन्द

महिला बिरुद्धको हिंसालाई विभिन्न बिद्धानले विभिन्न तरिकाबाट परिभाषित गरिएको पाईन्छ । जसमा कमला भासिनको परिभाषा यस्तो छ । “महिला भएकै कारणले पुरुषले महिलामाथि दमन, शोषण, विभेद गरेर शासन गर्दछ, र सामाजिक मानसिक शारिरीक रुपमा शोषण गरिन्छ भने त्यसलाई महिला हिंसा भनिन्छ” ।

कुनैपनि यस्तो किसिमको लैङ्गिक कार्य जसले यौनिक, शारिरीक, मानसिक वा मनोबैज्ञानिक रुपले नोक्सानी अथवा पिडा स्वास्नी मान्छे माथि गर्छ, बाध्य पारिन्छ, स्वतन्त्रताको अपहरण गरिन्छ अथवा सार्वजनिक जिवनमा बाधा व्यवधान पुर्‍याईन्छ भने यस्तो कार्यलाई स्वास्नी मान्छे विरुद्धको हिंसा भन्ने गरिन्छ । (आचार्य २०६५)

महिला विरुद्ध हुने विभिन्न किसिमका हिंसाका वारेमा विभिन्न परिभाषा गरेको पाईन्छ । जसमा सामाजिक तथा मानसिक हिंसा, शारीरिक हिंसा, यौनिक हिंसा, तथा आर्थिक हिंसा । यि सबै खाले हिंसाका स्वरुपलाई घरेलु हिंसा भित्र राखेर परिभाषित गरिन्छ । घरभित्र गरिने सबैखाले हिंसा दमन शोषण बिभेद सबैलाई हिंसाका स्वरुप भन्न सकिन्छ ।

बहुबिबाह, ईच्छाविपरित विवाह, प्रजनन अधिकारबाट वञ्चित गरिनु, दाईजो नल्याएको निहुमा कुटपिट गर्नु, छोरो नजन्माउँदा यातना दिने, विभिन्न बहाना बनाएर स्वास्नी मान्छेलाई कुटपिट गर्ने घर निकाला गर्ने मानसिक र शारिरीक रुपले दबाब दिने कार्य नै घरेलु हिंसाका स्वरुप हुन् । ( आचार्य २०६४)

यसरी महिला माथि गरिने हिंसा कै कारणले गर्दा महिलाहरु घरेलु कामदार बन्ने गरेको पाईन्छ । अध्ययनको क्रमलाई हेर्दा महिलालाई अर्काको घरमा काम गर्न बाध्यकारी बनाउने तत्वको रुपमा घरेलु हिंसालाई पनि लिन सकिन्छ । खानलाउन पुग्ने अवस्था हुँदाहुदै पनि घरपरिवार श्रीमानले दिने यातना, श्रीमानले अर्को बिबाह गरेपछि घरबाट निकालि दिने जस्ता बिभिन्न कारणले उत्पन्न हुने मानसिक तनाब, असहज परिस्थिति, पारिवारिक सदस्यमा आउने विखण्डनको कारणले पनि महिलाहरु घरेलु कामदार प्रति उन्मुख भएको पाईयो ।

### ६.१.२ आत्मपहिचान र स्वतन्त्रताको खोजी

यो भन्दा पहिलेको समयमा घरेलु कामदारका बारेमा भन्नु पर्दा पुरुष मात्र जाने यदि महिला गएको खण्डमा पनि पुरुषको स्याहार सुसार गर्ने उद्देश्यले गएको पाईएको छ । उक्त कुरा पहिलेका अध्ययनले देखाउँछ । तर, अहिले महिलाहरु आफै घरेलु कामदारमा संलग्न हुनुको पछाडि स्वतन्त्रता, स्वाबलम्बन र आत्मपहिचानको पक्ष पनि जोडिएको पाईन्छ ।

महिलाहरु बैदेशिक रोजगारीमा किन यति धेरै को संख्यामा जाने गरेको पाईयो त भन्ने सर्न्दभलाई केलाउँदा आर्थिक कारण मात्र नभएर स्वतन्त्र र स्वाबलम्बन हुने कारणले पनि घरेलु कामदारमा संलग्न हुने गरेको पाईयो भने अर्को तर्फ समाजमा रहेका मुल्य मान्यतामा पनि परिवर्तन हुदै गएका छन् । छोरी मान्छे भएर घर बाहिर जानु हुदैन् भन्ने जुन खालको कठोरता थियो । त्यसमा पनि दिन प्रति दिन परिर्वतन बन्दै गएका छन् ।

बिगतमा हाम्रो समाजमा महिलाहरु केवल श्रीमानप्रति उत्तरदायी हुनुपर्ने आमाबुवा छोराप्रति मात्र विश्वास र बुढेसकालमा पाल्छ भन्ने मान्यतामा पनि परिर्वतन आएको छ । बुवा आमाको आवश्यकता परिपुर्तिका लागि छोरीहरु पनि विदेश गएर कमाएर ल्याएको पाईन्छ । जसले गर्दा पुरुष प्रतिको संरक्षणवादी र उपनिवेशवादी सोचबाट ग्रसित मुल्यमान्यता दिनप्रतिदिन कमजोर बन्दै गएको अवस्था छ । सामाजिक, साँस्कृतिक, धार्मिक मुल्यमान्यतामा परिवर्तन आएको अवस्था छ । महिलाहरु पनि स्वंयम स्वतन्त्रताको उपभोग र आत्म पहिचानको खोजी गर्दै आर्थिक रुपले सम्पन्न हुने आशाका साथ सचेत र आत्मनिर्भर भएर केही गर्न सक्छौ भन्ने धारणाले अगाडि बढेको कुरालाई विश्लेषण गर्न सकिन्छ । शहर बजारतिर कामको अवसर बढी हुनु, छोराछोरीलाई राम्रो शिक्षा दिने चाहना, विभिन्न किसिमका घरेलु हिंसा सहन नसक्नु, एकदमै ठुलो परिवार, समाजमा छोरा र छोरीबिच गरिने लैङ्गिक विभेद जस्ता अनेकौ कारणहरुले गर्दा महिलाहरु घरेलु कामदार बन्न बाध्य भएको पाईन्छ ।

### ६.२ समस्याहरु

कुनै पनि महिला कामदार गन्तव्य स्थान जानु भन्दा पहिले नै विभिन्न समस्या सँग सामना गर्नु पर्ने हुन्छ । उनीहरुका समस्या शुरुको रिकुटिङ्गको अवस्थादेखि नै शुरु हुन थाल्छ । स्वनिर्भर भएर जान चाहने महिलाले पनि त्यति सजिलै जान सक्दैन भन्ने कुरालाई अध्ययनले देखाएको छ ।

### ६.२.१ निर्णय लिनमा समस्या

महिला भएकै कारणले घरेलु कामदारका रुपमा घर छोडेर बाहिर जान चाहने महिलाले एकल किसिमले निर्णय लिन सक्दैनन । तर, यसो हेर्दा घरेलु कामदारका रुपमा जान चाहने महिलालाई समाजदेखि लिएर परिवारसम्म र राष्ट्रियदेखि लिएर सरकारीतह सम्म पनि सहयोग र समर्थन भएको पाईदैन । अध्ययनको क्रममा पनि यो कुरा प्रष्ट भएको छ । महिलाहरु आफ्नै अडानले मात्र घरेलु कामदारका रुपमा बाहिर जान सफल भएको पाईयो । जसमा बाबुआमा, श्रीमान, आफन्त, घर परिवारले समर्थन र सहयोग गरेर कामका लागि अर्काको घरमा गएको पाईएन । नेपालको अन्तरिम संविधान २०६३ ले पनि नागरिकलाई बिभिन्न मौलिक हकहरु प्रदान गरेको छ । कुनै पनि नागरिकलाई कुनै पनि पेशा र रोजगार गर्ने स्वतन्त्रता र त्यसको लागि एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्न पाउने स्वतन्त्रता संविधानले ग्यारेन्टी गरेको छ । कानुनी रुपमा रोजगारीको स्वतन्त्रताको व्यवस्था भएतापनि महिलाहरु स्वनिर्भर रुपले घरेलु कामदारका रुपमा आफ्नो भर

छोडी बाहिर जाने कुरालाई नेपाली समाजले अझै पनि सहज रुपले लिने वाताबरणको विकास हुन सकेको देखिदैन । यसको पछाडि नेपाली समाजमा बिद्यमान सामाजिक मुल्यमान्यता पनि जिम्मेवार रहेका छन् ।

## ६.२.२ **खर्च जुटाउन समस्या**

घरेलु कामदारका रुपमा आफ्नो घरबाट काम गर्ने स्थल सम्म पुग्नका लागि खर्च जुटाउनु महिलाको लागि ठुलो समस्या हो । पैसा नहुँदा कुनै पनि कुरा सम्भव नहुने अवस्थामा रिकुटिङ्ग प्रक्रियामा लाग्ने वित्तिय खर्च जुटाउनु पर्दा महिलाका लागि ठुलो चुनौती खडा हुने गरेको छ । नेपाली समाजमा पैतृक सम्पति देखि लिएर आर्थिक कारोवार पुरुषले नै चलाउने भएकाले गर्दा पनि महिलालाई आर्थिक खर्च जुटाउन गाह्रो भएको देखिन्छ ।

## ६.२.३ **कार्यभार र काम गर्ने समय**

घरेलु कामदारका रुपमा जाने महिलाका लागि सबैभन्दा चुनौती र समस्या कार्यक्षेत्रमा भोग्नु परेको देखिन्छ । कार्यक्षेत्र भन्नाले घरेलु कामदारको रुपमा गैसकेका महिलाको काम गर्ने घर हो रोजगारदाताको व्यक्तिगत घर हो । उसको निजि घर भएका कारणले नै कामदारले पुर्णरुपले मालिकको नियन्त्रणमा बस्नु पर्दछ । जसले गर्दा महिला कामदारहरु कार्यक्षेत्रमा बढी शोषित र पिडित हुने गरेको पाईन्छ । घरेलु कामदारको रुपमा गएका महिलाहरुले दिनमा ११ देखि १२ घण्टा सम्म काममा खटिनु पर्ने, बिदा भनेको कुनै दिन पनि नभएको करिब करिब १३ घण्टा खटिनु पर्ने अन्तर्वार्तामा संलग्न महिलाहरुले बताएका थिए । तर श्रम कानुन अनुसार हप्ताको ६ दिन र दिनको ८ घण्टा भन्दा बढी समय काममा लगाउन पाईदैन । महिला विरुद्धका सबै भेदभाव उन्मुलन सम्बन्धी महासन्धीमा उक्त कुरा उल्लेख गरिएको भएतापनि त्यो लागु हुन सकेको छैन । उक्त सन्धीमा कामदारलाई फुर्सत, आराम, कार्यघण्टाको उचित सिमा, तलब सुविधा सुनिश्चिता गरेको छ । तर नेपालमा घरेलु कामदारका रुपमा कार्यरत महिलाहरुले उक्त कुराबाट पुर्ण रुपले वञ्चित हुनु परेको बताएका छन् ।

## ६.२.४ **तलब सुबिधा सम्बन्धी समस्या**

घरेलु महिला कामदारको अर्को मुल समस्या भनेको तलब प्राप्त नगर्नु पनि हो । कार्यभार असिमित हुँदापनि रोजगारदाताले समयमा तलब सुबिधा नदिने थप समस्या हो । काममा जानु

भन्दा पहिला धेरै पैसा हुन्छ भन्दै लालच देखाएर काम गर्ने स्थल सम्म लैजाने र त्यहाँ पुगेपछि अनेक बाहाना पारी तलब सुबिधा नदिने गरेको अध्ययन क्षेत्रमा कार्यरत महिलाहरुले बताउँछन । महिलालाई निश्चित र ठुलो रकम तिरेर काम दिने मालिकले लगिसकेपछि खरिद गरि ल्याएको हो भनी तलब र अन्य सुबिधा दिन चाहदैनन् । त्यसैले शोषण पनि चरम हुने गर्दछ ।

### ६.२.५ फोन र टेलिभिजनको प्रयोग गर्ने स्वतन्त्रतामा समस्या

घरेलु कामदारका रुपमा संलग्न भएका धेरै जसो महिलाले आँफुलाई घरभन्दा बाहिर हिडडुल समेत गर्न जान नपाएको बताएका छन । अर्न्तवार्तामा संलग्न सबै महिलाले आफुले घर बाहिर सम्म निस्कन नपाएको त्यसको साथै घरमा फोन गर्न चाहिन्छ भन्दै साथमा लगेर गएको मोवाईल समेत रोजगारदाताले खोसेर जफत गरेको बताए  अन्तर्वार्तामा संलग्न महिलाहरुले कहिल्यै पनि घरमा फोन गर्न नपाएको बताए । काम गर्ने घरमा फोन टि. भि. सबै कुराको सुबिधा भएपनि प्रयोग गर्ने स्वतन्त्रता नभएको बताए । घरेलु कामदारको रुपमा संलग्न महिलाको श्रमको कदर नगरिनु, भावनाको वास्ता नगर्नु, आफ्नो क्षमता, बिचार, चेतना जस्ता कुरा अभिव्यक्त गर्न नपाउनु, मानिस सरहको ईज्जत नपाउनु, आँफु माथि पशुसरहको व्यवहार गरिनुले पनि कतिपय महिलाहरु एक्लोपना महशुस गरी मानशिक रोगी समेत हुने गरेको पाईयो । यसले के प्रमाणित गरेको छ भने मानिसलाई घुमफिरको स्वतन्त्रता सम्वन्धी महासन्धीमा मानवअधिकार समितिको सिफारिसमा महिलाको लागि घुमफिरको स्वतन्त्रता सम्बन्धी अधिकारको वारेमा व्याख्या गरिएको छ । घुमफिर गर्ने अधिकार अर्को व्यक्तिमा निर्भर रहन्छ भने त्यसले महिलाको अधिकार विपरित हुन्छ भनेको छ । तर घरेलु कामदारका रुपमा काम गर्ने महिलाले यो एक्काइसौ शताब्दीमा पनि दासताको जिवन विताएको पाईयो । आफ्नो शरिर समेत अरुको नियन्त्रणमा रहेको हुन्छ ।

### ६.२.६ मानसिक तथा शारिरिक दुर्व्यवहार

घरेलु कामदारको रुपमा कार्यरत महिलाहरुले आँफु काम गर्न बसेको घरमा सारै यातना सहेर बस्नु पर्ने शारिरिक, मानसिक, भाषिक दुर्व्यवहार सहनु पर्ने, घरका स-साना केटाकेटीले समेत गाली गर्ने, मुखमा थुकी दिने गरेको बताए । अर्न्तवार्ताको सर्न्दभमा उमाले यसो भनिन“बच्चाबच्चीले यति सारो हेप्ने गर्दथे । बाथरुम सफा गर्दागर्दै बसेको समयमा टाउकोमा  पिसाब गरिदिने, मुखमा थुकीदिने र बसेको समयमा पछाडिबाट लात्तले हिर्काउथे ।

### ६.२.७ यौनिक दुर्व्यबहार

घरेलु कामदारको रुपमा संलग्न महिलाले आँफुलाई शारिरिक र मानसिक यातना मात्र नभई यौनिक यातना समेत भोग्नु परेको घटना बताईन । समान्यतया सबैजसो महिलाले यौन शोषणको सिकार भएको बताए । यौनशोषण घरमालिक पाहुना बाट समेत हुनु परेको बताए । यौनजन्य दुर्व्यवहारले गर्दा महिलालाई पछिल्लो समयमा रोजगार सम्वन्धी अधिकारमा प्रतिकुलता सिर्जना गरी काम गर्ने वातावरण अन्योलपुर्ण बनाई भेदभाव मुलक अवस्थाको सृजना गरेको छ । घरेलु कामदारले त्यहाँको श्रम अदालतमा समेत मुद्दा लड्न नपाईने कानुनी व्यबस्थाले गर्दा घरेलु कामदारको अधिकारलाई कतैबाट पनि सुरक्षा र संरक्षण हुन सकेको छैन भने अर्कोतर्फ उनीहरुको रोजगारीको अधिकारमा पनि स्वत : प्रतिकुलता सिर्जना भएको छ । कार्यक्षेत्रमा हुने यौन शोषणका घटनाले महिला कामदारको शरिर र श्रम समेत वस्तुकरण भएको अवस्था छ । रोजगारदाताको नियन्त्रणमा बस्नु पर्ने बाध्यता त एकातिर छदैछ तर उनीहरुको शरिरमा समेत रोजगारदाताको नियन्त्रण रहेको पाईयो । यसको आवाज उठाउने ठाउँ नरहेको र आवाज बाहिर गएमा अपहेलना को सिकार भएर बस्नु पर्ने महिला कामदारको मुख्य समस्याको रुपमा रहेको छ ।

### ६.२.८ समाजमा समायोजन हुन समस्या

काम गर्ने स्थानबाट काम गरेर केही समय पछि आफ्नो गाउँ फर्किएपछि महिलालाई समाजमा समायोजन हुन धेरै समस्या हुने गरेको पाईएको छ । रोजगारीको यात्रा कसैको सुखद त कसैको दुखत रहने गर्दछ । सुखद रहनेले पनि त्यति सजिलै सुखद जिवनको अनुभव गर्न सकेको अवस्था छैन । हाम्रो समाजमा महिला अर्काको घरमा कामदारको रुपमा काम गरेर आएको सुन्ने बित्तिकै उसले जति नै राम्रो काम गरेर धन कमाएर ल्याएको भएता पनि त्यो महिलालाई सकारात्मक भावनाको दृष्टिकोणले हेरेको पाईदैन । शोषित र प्रतिकुल परिस्थितिबाट पिडित महिलाले लाज, डर र हिनताबोधको सामना गर्नुपर्ने, त्यस किसिमका महिलालाई परिवार समाजबाट समर्थन र सहयोग प्राप्त नहुने, सामाजिक तथा पारिवारिक सम्बन्ध विच्छेद हुने जस्ता समस्याको सामना गनुपर्ने भएकाले घरेलु कामदारका रुपमा केही समय जिवन व्यतित गरी आफ्नो गाउँ फर्किए पछिको जिवन पनि अति नै कष्टकर हुने भएकाले महिलाहरु प्राय : घरबाहिर तथा परिवारबाट टाढा रहेर विभिन्न संघ संस्थाको सहयोगमा जिवन निर्वाह गर्ने गरेको पाईयो ।

# अध्याय : सात

## घरेलु कामदारका रुपमा कार्यरत महिलाले समस्या भोग्नुका सामाजिक कारणहरु

घरेलु कामदारका रुपमा रहँदा महिलाले मात्र होइन पुरुषले पनि विभिन्न समस्या भोग्नु पर्ने हुन्छ । रोजगारीमा जाँदा महिलालाई मात्र समस्या नभएर पुरुषको लागि पनि कठिन र चुनौतीपुर्ण बनेको हुन्छ । तर महिलाको लागि चाहि घरेलु कामदारको जिवन बिताएर घरगाउँ फर्किसकेपछि समाजमा विभिन्न समस्या खडा भएको छ । जसमा नेपाली समाजमा बिद्यमान सामाजिक मुल्य मान्यता संस्कृति र संस्कार पनि जिम्मेवार रहेका छन् । यसरी महिलाको जिवनमा प्रभाव पार्ने सामाजिक तत्वहरु धेरै हुनसक्छन् । त्यसमा पनि यहाँ केही तत्वलाई मुख्य तत्वको रुपमा यसरी तल ब्याख्या गरिएको छ ।

### ७.१ सामाजिक मुल्यँ मान्यता र संस्कार

समाजभित्र स्थापित रहेका निश्चित व्यवहारलाई मान्यता मान्न सकिन्छ । यस्ता मुल्य मान्यता उपयुक्त र अनुपयुक्त हुन सक्छन् कतिपयलाई उपयोग गनै पर्ने हुन्छ भने कतिपयलाई सुधार गर्दै व्यवहारमा लागु गर्नुपर्छ । कतिपय अवस्थामा मुल्य मान्यताहरु यति शक्तीशाली हुन्छन् जसको पालना नगरिएमा समाज तथा समुहका सदस्यबाट सजाय भोग्नु पर्ने या गाउँ वा समुदाय छोडेर नै जानु पर्ने परिस्थितिको सृजना हुनजान्छ ।

सामाजिक मुल्यमान्यताले समाज समुदाय र समाजका सदस्यलाई प्रत्यक्ष अप्रत्यक्ष रुपले बाधेर राखेको हुन्छ जसलाई एक पछि अर्को गदै प्रत्येक पुस्ताले हस्तान्तरण गर्दै लैजानु पर्छ तर समय सापेक्षीक रुपमा कतिपय अवस्थामा यस्ता मुल्यमान्यताले नकरात्मक प्रभाव पनि पारेको पाईन्छ । तर पनि यस्ता मुल्यमान्यता अस्तित्वमा आईरहेका हुन्छन् । कुनै एउटा व्यक्ति विशेषले यसलाई परिवतर्न र यसको अस्तित्वलाई समाप्त पार्न सकिदैन ।

घरेलु महिला कामदारका रुपमा आफ्नो घर छोडेर बाहिर जाने प्रवृतिसँग जोडेर कुरा गर्नुपर्दा प्राचिन काल देखि महिलाहरु घर भित्रको कार्य सम्पन्न गर्नुपर्छ र पुरुष बाहिर काम गर्न जानु पर्ने कुरालाई निर्देशित गरेको अवस्था छ । लिङ्गको आधारमा श्रमको बिभाजन गरी सोही अनुरुप मुल्यमान्यता कायम भएको छ भने अर्को तिर महिलालाई यौन पबित्रता सँग जोडेर हेरिएको छ ।

यो एक्काईसौ शताब्दीमा पनि महिलालाई घर बाहिर बस्नुलाई नराम्रो नजरले हेर्ने गरिन्छ।  त्यसैले पनि रोजगारीमा जाने महिलालाई समस्या र चुनौतीको सिर्जना हुनुमा सामाजिक मुल्यमान्यता लैङ्गिक भिन्नता लाई लिन सकिन्छ।

### ७.२ शिक्षा र सिपको अभाब

आज शिक्षाको बारेमा कुरा गर्नुपर्दा जुन मानब अधिकारको रुपमा स्थापित भै सकेको छ । शिक्षा के हो भन्ने बारेमा सबैको आ-आफ्नै परिभाषा पाईन्छ यसलाई बिभिन्न बिद्धानले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । शिक्षा र सिप फरक कुरा भएतापनि एक अर्काको परिपुरक हुन् । सिप भनेको नयाँ काम गर्ने दक्षता क्षमता हो भने शिक्षाले मानिसको दैनिक जिबनसँग सम्बन्ध राख्दछ । सबैलाई शिक्षा भन्ने नारा नेपालमा पनि रहेको छ तर आँधा आकाश ढाक्ने महिलामध्ये आधा भन्दा बढी महिला शिक्षाको ज्योतिबाट बन्चित छन् । अझै पनि छोरीलाई पढाईलेखाई गराउने भन्दा राम्रो केटा खोजेर बिबाह गरिदिने जसले गर्दा बाआमाको टाउको दुखाई टाढा रहन्छ भन्ने मान्यता रहि आएको छ।

अर्न्तवार्तामा संलग्न उमा यसो भन्छिन : “विभिन्न पत्रपत्रिका, लेख र विभिन्न संचार माध्यममा प्राप्त हुन आएका जानकारी अनुसार अरु देशका महिला र नेपाली महिलामा धेरै फरक छ। उनीहरु पढेलेखेका हुन्छन् त्यसैले चलाख हुन्छन् । राम्रो काम पाउँछन्, ईज्जत पाउँछन । तर, नेपाली महिलामा शिक्षा र सिपको अभाब रहेको छ त्यही कारणले पनि ठुलो दुःख पाउँछन ।”

समयको परिवर्तनसँगै महिलाको शैक्षिक स्तरमा पनि परिवर्तन आएको पाउन सकिन्छ । तर पनि ग्रामिण भेगका महिलाहहरु अझै पनि शिक्षाको मुल धारमा आउन सकेका छैनन् । महिला शिक्षाको स्तरलाई निकै केलाएर हेर्ने हो भने ५ बर्षभन्दा माथिको कुल साक्षरता दर २,३९,२६,५४१ अर्थात ६५.९ प्रतिशतमा पुरुष साक्षरता दर ७५.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ (जनगणना, २०६८) । यहाँ पुरुषको साक्षरता दरको तुलनामा महिलाको साक्षरता दर निकै कम देखियो । जसमा महिलाको अशिक्षाको कारणले पनि धेरैजसो महिला घरेलु कामदार गर्न बाध्य भएको पाईन्छ । २०६८ को साक्षरताको दरलाई हेर्दा १–५ कक्षा पास गर्नेको संख्या ३९ प्रतिशत, ६–८ कक्षा पास गर्नेको संख्या २०.३ प्रतिशत, एस.एल.सी पास गर्नेको संख्या १०.२ प्रतिशत र एस.एल.सी भन्दा माथि पास गर्नेको संख्या पनि १०.२ प्रतिशत नै रहेको देखियो (जनगणना, २०६८)

माथि उल्लेखित तथ्याङ्कले के देखाउँछ भने अहिले पनि धेरैजसो महिलालाई शिक्षाको ज्योतिसँग परिचित गराउन सकिएको छैन । सिप र शिक्षाको अभाबको कारणले पनि महिलाले राम्रो अवसर गुमाउनु परेको छ भने अर्कोतिर महिलाहरु परनिर्भर हुनुपरेको छ । अध्ययनमा संलग्न महिलाहरुका अनुसार अन्तराष्ट्रिय श्रम बजारमा कमजोर र न्युन शैक्षिक अवस्था रहेको पाईएको छ । नेपाली महिलाको शैक्षिक अवस्था कमजोर भएकै कारण घरेलु कामदारका रुपमा संलग्न हुँदा ठुलो समस्याको सामना गर्नु परेको छ । अन्य देशका महिलाको दाजोमा नेपाली महिला कामदारको शैक्षिक कमजोरीका कारण पर्याप्त मात्रामा सुचना तथा सञ्चार माध्यमबाट टाढा रहि कार्य क्षेत्रमा पनि असफल तथा शोषित भएको पाईन्छ । घरेलु कामदारकै रुपमा काम गर्ने अन्य देशका महिलाले राम्रो रोजगारीको अवसर सृजना गरेका छन । एउटै घरमा एउटै स्तरको काम गरेतापनि नेपाली महिला र अन्य देशका महिलामा फरक पाईन्छ । जस्तै : तलब सुबिधा, मान मर्यादा, ईज्जत प्रतिष्ठा छ भने नेपाली महिलाको स्तर हेपाई प्रबृत्तिको छ ।

## ७.३ भाषागत कठिनाई सांस्कृतिक बुझाई

भाषा संचारको माध्यम हो, अथवा भाषा संचार हो । कुनै पनि ज्ञान, सिप, बिचार, धारणा, भावना, दृष्टीकोण, अनुभव, सन्देश तथा सुचना एक व्यक्तिबाट अर्को व्यक्ति, एउटा समुदायबाट अर्को समुदायमा लिखित मौखिक या सामाग्रीको माध्यम बाट एउटै अर्थमा बुझिने गरि आदान प्रदान गर्ने प्रक्रिया संचार हो । उक्त सबै कुरा व्यक्त गर्ने माध्यम भाषा हो । प्रस्तुत सोधपत्र अध्ययनका क्रममा छनोट भएका केही उत्तरदाताहरुले आँफुहरु काम गर्न बसेको साहुको घरमा बोलिने भाषा नेवारी, हिन्दी भएकाले आँफुहरुलाई उक्त भाषाको राम्रो ज्ञान नभएकाले काम गर्दा काम बिगारेर कहिले काही घरमालिक बाट पिटाई खाने र घर मालिकले घरबाट निकालि दिने समेत गरेको बताए ।

भाषा समाज देश अनुसार फरक पर्दछ । एउटा समुदायको भाषा अर्को समुदायले नबुझ्न सक्छ । जसले गर्दा भाषिक कठिनाई हुन जान्छ यो पनि एउटा समस्या हो ।

## ७.४ तालिमको अभाब

घरेलु कामदारका रुपमा कार्यरत महिलाको अर्को समस्या भनेको तालिमको अभाब हो । कुनै पनि कामदारले काममा जानु भन्दा पहिले आँफुले गर्नु पर्ने काम उक्त ठाउँको भाषा, रितिरिवाज, संस्कार, रहनसहन र भेषभुषाको बारेमा जानकारी गराउनु पर्दछ । अध्ययनमा संलग्न महिलालाई

तपाईले काममा आउनु भन्दा पहिले तालिम लिनु भएको थियो भन्ने प्रश्नमा १०० प्रतिशतले तालिम नलिएको बताए । आँफु मालिकको घरमा गएर के काम गर्नु पर्ने ? तलब सुबिधा कति हुन्छ ? कति समय काम गर्नु पर्छ ?कति दिन बिदा पाईन्छ ? भन्ने जस्ता सामान्य कुराको समेत ज्ञान नभएको अध्ययन क्षेत्रमा कार्यरत महिलाहरुले बताए । हाल नेपालमा घरेलु कामदारका रुपमा काममा जानु पुर्व अनिवार्य रुपले तालिम लिनु पर्ने व्यवस्था छ ।

### ७.५ आलेखबद्ध नभईकन रोजगारीमा प्रवेश

यसले के देखाउँछ भने घरेलु कामदारका रुपमा रहेका महिला कामदारको सरकारी अभिलेख नभएको पाईन्छ । घरेलु कामदारको रुपमा शहर आउने महिलाले गाउँको चिनेजानेको नातेदार, साथीभाई, छिमेकीको माध्यम मार्फत शहर आएको देखिन्छ । अभिलेखबद्ध नभईकन घरेलु कामदारका रुपमा रहेका महिलाको यकिन तथ्याङ्क कुनै सरकारी निकाय सँग छैन । यसरी अबैध रुपले तस्करी गरीएका महिलाको बारेमा कुनै कानुनी आधार सृजना हुन नसकेको कारण महिलाहरु मानसिक तथा शारिरिक शोषण, श्रम शोषण र यौन शोषणको सिकार हुने गरेको पाईन्छ ।

## वैयत्तिक अध्ययन (**case study**)

### वैयक्तिक अध्ययन -१

| | | |
|---|---|---|
| नाम | : | आसा क्षेत्री |
| उमेर | : | २३ बर्ष |
| ठेगाना | : | सिराहा |
| बैवाहिक अवस्था | : | अबिवाहित |
| शैक्षिक योग्यता | : | ७ पास |

मेरो नाम आसा क्षेत्री हो । हाल म २३ बर्षकी भए । म अबिवाहिता केटी हुँ । मेरो घर सिराहा हो । मैले ७ कक्षा पास गरेकी छु । हाल म काठमाडौं बस्न लागेको ३ बर्ष भयो । आसालाई यस उमेरमा काठमाडौं छिर्नुपर्ने एउटा मात्र कारण थियो ,घरको कमजोर आर्थीक अवस्था । उनको परिवारमा बुढा बाआमा र उनी बाहेक कोही थिएनन् । ३ जना दिदिहरुको बिहे पछि घरको सर्म्पुण जिम्मेवारी उनको काधँमा आएको थियो । दाजुभाई थिएनन् । बस्नको लागि सानो खरले छाएको एक घर बाहेक अरु सम्पति पनि नभएकाले शहर गएर पैसा कमाई बाआमाको लागि सानो घर बनाईदिने सपना बोकेर शहर छिर्न बाँध्य भएको बताईन । आसा अगाडी भन्छिन् ,शहर जाने सोच त बनाए यो कुरा बाआमालाई सुनाउँदा के भन्ने होला भन्ने पिर लाग्यो नभन्दै बाआमालाई सुनाए यो कुरा सुनेपछि बाआमा सारै झोक्किदै बिहे गरेर घरजम गर्ने उमेरमा के कुरा गरेको । यो उमेरको छोरी शहर गएर मालिकको घरमा काम गरेर फर्केपछि छरछिमेकी नाता कुटुम्बले के भन्छन् । त्यसपछि त बिहे गर्न समेत सारै गाह्रो पर्छ । सबैले नराम्रो दृष्टिले हेर्छन् । शहर शहर कतै जाने होईन बरु राम्रो केटा खोजेर बिहे गरिदिने भन्नुभयो तर मैंले सारै जिद्दी गरेर केही नलागे पछि बाध्य भएर सहमत हुनु भयो । त्यसपछि मैले शहर जाने निर्णय गरे र आफ्नै गाउँका काकाको सहयोगमा शहर जाने निर्णय भयो । काकाले पनि साथीले मलाई पसलको कामको लागि कामदार चाहियो भनेर शहरबाट मलाई खबर गरेका छन् त्यसैमा बहिनीलाई पठाई दिन्छु । १२ हजार जति तलब हुन्छ । खान बस्नको लागि पैसा चाहिदैन मालिकले नै दिन्छ भनेपछि ६ दिन पछि बाआमा तथा आफन्तबाट बिदा भएर काठमाण्डौं पुगे । त्यहाँ पुगेपछि ६ तले घर र १० जनाको परिवार थियो ४ जना स–साना बच्चाहरु थिए तिनीहरुको दिशापिसाव धुनेदेखि लिएर घरको सर्म्पुण काम गर्नुपथ्र्यो तर पनि उनीहरुको चित्त बुझाउन कठिन थियो । पिट्दै काममा लगाउँथे, खानाको लागि पनि सबैले खाई सकेपछि बाँकी रहेको खानु पर्दथ्यो, बत्ती समेत नभएको अध्याँरो कोठामा सुत्नु

पर्दथ्यो, कामजति  गरेपनि खुशी हुँदैन थिए । घरमा कसैले नदेख्ने ठाउँमा मलाई एक्लै भेटायो भने उक्त घरको बुढो मान्छेले मेरो अंगहरुमा छुने गर्दथ्यो तर म डरले केही भन्थिन, एक दिन रातीपिसाब फेर्नको लागि ट्वाईलेट छिरेकी थिए त्यही मौकामा उसले मलाई समात्न खोज्यो म रोएपछि घरको अरु सदस्यले थाहाँ पाउँछ भनेर होला छोडी दियो, बल्ल आँफु बाँचेको महशुस भयो । त्यस दिन देखि त्यो घरमा बस्न सारै डर लागिरहन्थ्यो । जसोतसो ११ महिना भै सकेको थियो तर तलब दिएको थिएन तलबको कुरा गर्दा पिटाई खानुपर्थ्यो, ११ महिना सम्म काठमाडौंमा उक्त मालिकको घरमा आफुले पैसाको मुख सम्म देख्न नपाएको बताईन् घर बाहिर निस्कन समेत पाईदैनथ्यो तर घरमा कोही नभएको समय पारेर घर नजिकै रहेको पसल सम्म निस्कीरहन्थे किन्न पैसा हुदैन थियो हेरेर मात्र चित्त बुझाउथे यसै क्रममा एक जना केटोसँग भेट भयो उसले मलाई फोन नम्बर दियो तर फोन गर्न म सँग पैसा थिएन सो कुरा मैले उसलाई बताए कहिले काहि उसले मलाई पैसा पनि दिन थाल्यो । एकदिन मैले घर मालिकसँग काम गरेको पैसा मागे । उसले मलाई बेस्सरी गाली गर्न थाल्यो । यो कुरा फेरी मैले उक्त केटालाई सुनाए उसले मलाई त्यो मालिकको घरबाट भाग्न आग्रह गरेपछि म त्यस घरबाट भागेर उक्त केटासँग विवाह गरे ।  उसको घर हेटौडामा थियो । उसले काठमाडौंमा नै गाडी चलाउने काम गर्दथ्यो । हाल म मारवाडीको किराना  पसलमा काम गर्छु  खाजा खाएर ७ हजार तलब दिएको छ । श्रीमान गाडी चलाउनु हुन्छ धेरै पैसा कमाउन नसके पनि खाने गुजारा चलेकै छ । माईतीमा आउने जाने भईरहन्छ । घरपरिवारले पनि माया गर्छन् । धेरै राम्रो छ ।

## वैयक्तिक अध्ययन -२

| | | |
|---|---|---|
| नाम | : | सुजता थापा |
| उमेर | : | २२ बर्ष |
| ठेगाना | : | नवलपरासी |
| बैवाहिक अवस्था | : | अबिवाहित |
| शैक्षिक योग्यता | : | स्नातक पहिलो |

नवलपरासी जिल्ला देवचुली न.पा वाड नं.५ मा आफ्नै घर भइ स्थायी बसोबास भएकी २२ बर्षिय सुजता थापा बुवा आमा दुबै सहित ८ जनाको परिवार भएको, परिवारको मुख्य पेसा कृषि र बुवा अफिसमा पियन भएको बताउने सुजता उच्च पढाईका लागि बुवा आमाको सल्लाह र मञ्जुरीका साथ आँफु यहाँ आएको बताईन । हाल उनी धापासी स्थाई बसोबास गर्नु हुने श्री

जगदिश खनाल र श्रीमती अनिता शर्मा खनालको घरमा घरेलु कामदारका रुपमा बसेको बताइन् । हाल उनी स्नातक तहको पहिलो बर्षमा अध्ययनरत छिन् । तिमीलाई चाहिने शैक्षिक सामग्री र अन्य आवश्यक सामग्री कसले किनी दिन्छ भनि प्रश्न गर्दा अंकल आन्टीले (घर मालिक) ले भनि उत्तर दिईन साथै आँफुले यहाँ काम गरे बापत केही पारिश्रमिक नपाउने बताइन् । तिमीलाई किन पारिश्रमिक नदिएको त भनि प्रश्न गर्दा बुवाले नै नदिनु भन्नु भएको छ । त्यसैले गर्दा नदिनु भएको हो भनेर जबाफ दिईन । अनि तिमीले यहाँ के के काम गर्नु पर्छ भनि प्रश्न गर्दा घर सफा गर्ने, भाँडा धुने, लुगा पखाल्ने, बैनी हेर्ने आदि भन्दै दिनको लगभग ४–६ घण्टा सम्म काम गर्नु पर्ने बताइन् । यति हुँदा हुँदै पनि पढ्ने, खाने, बस्ने, सुत्ने व्यवस्था घरको भन्दा राम्रो छ । भोक लागेका बेलामा खाजा खान र काम सकिए पछि एक छिन टि.भी हेर्न स्वतन्त्रता छ । कलेजबाट आए पछि ३ घण्टा जति पढ्ने समय पाउने बताइन् । बिरामी भएको बेला आराम गर्न पाउने, औषधी जचाएर मात्र दिने, काम गर्दा गल्ती भएमा  सम्झाउने, पढ्न प्रोत्साहन गर्ने, नआएको सिकाइ दिने, माया गर्ने आदि गर्नुहुन्छ । त्यसैले उहाँहरुको व्यवहार मलाई राम्रो लाग्छ भनिन् ।

## घर मालिकको धारण

मुलघर पाचँथर भई हाल धापासीमा स्थायी बसोबास गर्ने श्रीमती अनिता शर्मा र श्रीमान जगदिश खनाल २०६४ साल देखि बसोबास गर्दै आएको, हाल आँफु बैंकमा र श्रीमान पनि सरकारी बैङ्कमा कार्यरत रहेको, एउटी ४ बर्ष कि छोरी सहित ३ जनाको परिवार भएको बताउनु भयो । आफुहरुको एकात्मक परिवार भएको, दुबै जना काममा व्यस्त हुनुपर्ने, अफिस जानु पर्ने भएकाले घरको काम गर्न भ्याइ नभ्याइ हुने, अनि छोरी पनि सानै छे छोरीलाई पनि साथी हुने र मलाई पनि भान्साको काममा सहयोग मिल्ने भएकाले उनलाई मैले बाध्यताले नै घरेलु कामदारको रुपमा राखेको । तर मैले उनको अधिकारमा कुनै हस्तक्षेप गरेकी छैन । उनलाई पढ्न कलेज पठाउँछु, घरमा पनि पढ्ने समय दिएकी छु , खान बस्नमा कुनै भेदभाव गरेकी छैन, कहिलेकाहि छोरीलाई बाहिर घुमाउन लैजादा उनलाई पनि सँगै लिएर जान्छु, बिरामी भएको बखत औषधी उपचार गरेकीछु, उनलाई जोखिमपुर्ण काम लगाएकी छैन । त्यसैले उनले मलाई काममा सहयोग गरे बापत मैले पनि उनलाई आमा बुवाको जस्तै व्यवहार दिएकी छु, उनको अधिकारबाट बञ्चित गराएकी छैन भनेर जबाफ दिनु भयो । अनि उनलाई यहाँ कसरी भर्ना गर्नुभयो भनि प्रश्न गर्दा मेरो बुवा प्रोजेक्टको कामको शिलशिलामा सुजताको गाउँ जानु भएको रहेछ । बुवा गएको अफिसमा सुजताको बुवा पियनको काम गर्नु हुँदोरहेछ र उँहाले शहरमा तपाईको नाता भित्र कोहि राम्रो व्यवहार गर्ने हुनुहन्छ भने म आफ्नी छोरी तपाईसँग पठाइ दिन्छु, काम सघाए बापत उसले उच्च

शिक्षा अनि खान, बस्न बिना भेदभाव पाउँछे भने पठाइ दिन्छु भनेर कुरा गरे पछि बुवाले मलाई फोन गर्नु भयो र भोली पल्ट मेरो श्रीमान जानु भयो र सुजताको बुवा आमा दुबै सँग सल्लाह गरी सुजताको मञ्जुरीमा नै उनलाई यहाँ ल्याइएको हो भनी जवाफ दिनुभयो ।

**वैयक्तिक अध्ययन-३**

| | | |
|---|---|---|
| नाम | : | उमा बस्नेत |
| उमेर | : | २५ बर्ष |
| ठेगाना | : | नुवाकोट |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | ५ पास |

अर्न्तरवार्ताका क्रममा अध्ययन क्षेत्रमा संलग्न २५ बर्षिय उमा बस्नेतले यस्तो अनुभव व्यक्त गरिन् । नमस्ते मेरो घर नुवाकोट जिल्लामा पर्दछ । हाल म २५ बर्षकी भए "मैले दिनमा १२ घण्टा सम्म काम गर्नु पर्दथ्यो । सुत्ने समय बाहेक कुनै बेला फुर्सत हुँदैन थियो । कार्यभार एकदमै बढी मेसिन जस्तै जोतिनु पर्ने उभिएर श्वास समेत फेर्न पाईदैन थियो । साधारण घरायसी काम हो भनेको थियो तर त्यो घरमा भने जस्तो थिएन । घरको सर्म्पुण काम गर्नु पर्ने तर पेट भरी खान पनि नदिने झण्डै दिनको १२ घण्टा नै काममा जोतिनु पर्ने कहिलेकाहि पिटाई समेत खेप्नु पर्दथ्यो ।

**वैयक्तिक अध्ययन-४**

| | | |
|---|---|---|
| नाम | : | सम्झना बुढाथोकी |
| उमेर | : | २५ बर्ष |
| ठेगाना | : | दोलखा |
| बैवाहिक अवस्था | : | अबिवाहित |
| शैक्षिक योग्यता | : | ९ फेल |

"सम्झना बुढाथोकीले भोगेको समस्या पनि कम थिएन । १९ बर्षिय सम्झना गाउँमा ९ कक्षा पढ्दा पढ्दै पारिवारिक अवस्था कमजोर भएका कारण आफ्नै गाउँले दाई मार्फत काम गरि पैसा कमाउने उदेश्यले शहर आईन । सम्झनाका अनुसार गाउँलेले काम गर्ने घरमा २ जना बुढाबुढी मात्र छन् । आफ्नै आमाबुवा सम्झेर सेवा गर्नु भनेका थिए । तर शहर गएपछि ठिक विपरित भयो ८ जनाको परिवार रहेछ ५ तलेठुलो घर १० वटा टुवाईलेट बाथरुम सबै सफा गर्नु पर्ने राती ४

बजे नै उठ्नुपर्ने, कहिँलेकाहिँ उठ्न ढिला भए मालिकको गाली गलौज सुन्नु पर्दथ्यो । जतिबेला पनि मेशिन जस्तै खटिरहनु पर्दथ्यो तैपनि चित्त बुझाउँदैन थिए । सन्चो नहुँदा सम्म पनि आराम गर्न पाईदैन थियो" ।

**वैयक्तिक अध्ययन-५**

| | | |
|---|---|---|
| नाम | : | सुशिला तामाङ |
| उमेर | : | १६ बर्ष |
| ठेगाना | : | सिराहा |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | ६ फेल |

१६ वर्षकै कलिलो उमेरमा प्रेम बिवाह गरेकी शुसिला बिवाह गरेको केही समय पछि छोरीको जन्म भयो, त्यसको लगत्तै श्रीमानले कान्छी श्रीमती ल्याएपछि मलाई रातदिन कुटपिट गर्न थाले यसो हुँदाहुँदै अचानक एक दिन घरबाट निकालि दिनु भयो बेसहारा भएपछि १ बर्ष माईतीमा गएर बिताए, माईतीको अवस्था पनि नाजुक नै भएकाले त्यहाँ पनि गुजारा होला जस्तो नलागे पछि २ बर्षिया नाबालक छोरीलाई लिएर शहर तिर लागे ।

**वैयक्तिक अध्ययन-६**

| | | |
|---|---|---|
| नाम | : | उमा कामी |
| उमेर | : | १५ बर्ष |
| ठेगाना | : | कन्चनपुर |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | ८ पास |

"सहरमा घरेलु कामदारका रुपमा २ वर्ष बिताउँदै आएकी उमाको बाध्यता पनि त्यस्तै छ । आँफु क्षेत्री जातको छोरी भएपनि सानै उमेरमा कामी जातका केटासँग अन्तरजातीय प्रेम बिवाह गरेकाले माईतीले छोरी मरीछे भनेर पुरै काजक्रिया नै गरे । तर, श्रीमानको माया पाएकाले खासै चित्त दुखेन, २ वटा छोरा पनि जन्मिए, जसोतसो गुजारा चलेकै थियो । सवै राम्रै थियो तर, बिवाह गरेको ४ वर्ष बित्न नपाउदै श्रीमानले गाउँकै दलितकी छोरी कान्छी श्रीमती ल्याएपछि रात/दिन कुटपिट गर्नुका साथै रक्सी खाएर गालीबेइज्जत गर्न थाले । माईतीमा पनि जाने ठाउँ

थिएन २ वटा छोरालाई लिएर दिदिको होटेलमा ४ बर्ष जति भाँडा माझेर बसे । त्यहाँपनि श्रीमान आएर गालीगर्ने, तलाई पुलिस बोलाउँछु भन्दै अनेक धम्की दिने गर्न थाले पछि म शहर पस्न बाध्य भए" ।

**वैयक्तिक अध्ययन-७**

| | | |
|---|---|---|
| नाम | : | सपना राई |
| उमेर | : | २७ बर्ष |
| ठेगाना | : | खोटाङ |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | ९ पास |

" अर्न्तरवार्ताका क्रममा सपनाका भनाई अनुसार शहर आउनुभन्दा पहिला सपना र उनका श्रीमान दुबै मिलेर खेतीपातीको काम गरेर भएपनि परिवारको निर्वाह गरेको पछिल्लो समयमा श्रीमान अपाङ्ग भएपछि गाँसबाँस कपासको समेत जोहो गर्ने व्यक्ति थला परेपछि श्रीमान काम गर्न सक्ने अवस्था थिएन । घरको आम्दानीको लागि अन्य स्रोत नभएकाले आर्थिक अवस्था दैनिकजसो कमजोर बन्दै गएको थियो । अर्कोतिर आफ्नो छोराछोरीलाई हुर्काउँन, पढाउँन, खानलाउँन दिन सकिदैन भन्ने चिन्ताले सताउन थालेपछि शहरमा घरेलु कामदारका रुपमा छिर्न बाध्य भए"।

**वैयक्तिक अध्ययन-८**

| | | |
|---|---|---|
| नाम | : | सम्झना पुन |
| उमेर | : | २९ बर्ष |
| ठेगाना | : | तेह्रथुम |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | ५ पास |

सम्झनाको परिवारमा आँफु सहित ५ जना रहेको जसमाबुढी सासु र बेरोजगार श्रीमान भएपछि घरमा कमाउने कोही नहुँदा हुर्किदै गरेका २ छोराको भविष्यको जिम्मेवारी आफ्नो काधँमा आएको । श्रीमानले बिदेश जान खोजेको भएतापनि साहुबाट लिएको ३ लाख रुपैयाँ श्रीमानलाई विदेश पठाई दिने दलालले खाएपछि घरपरिवारको सर्म्पुण जिम्मेवारी पुरा गर्न साहुको ऋण तिर्ने सोच बनाएर बिदेश जाने निधो गरेकी हुँ ।

## वैयक्तिक अध्ययन-९

| | | |
|---|---|---|
| नाम | : | कविता ढकाल |
| उमेर | : | २१ बर्ष |
| ठेगाना | : | जनकपुर |
| बैबावाहिक अवस्था | : | अबिवाहित |
| शैक्षिक योग्यता | : | ८ पास |

"हाल २१ बर्षिया कविता २१ बर्षको कलिलो उमेरमा रोजगारको लागि घरेलु कामदारका रुपमा शहर जाने कुरा आमाबुवालाई सुनाउँदा बुवाआमाले यस्तो भन्नु भयो । यो उमेरमा तलाई हामी शहर कामका लागि अर्काको घरमा पठाउन सक्दैनौ । बिवाह गर्ने उमेरको छोरीलाई पैसाको लोभले अर्काको घरमा काम गर्न पठाउदा छर छिमेक आफन्तले के भन्छन् ? अर्काको घरमा काम गरेर आएपछि बिवाह गर्न समेत सारै गाह्रे हुन्छ । नराम्रो सोचाई जान्छ सबैको, बरु राम्रो केटा खोजेर बिबाह गरिदिने भन्नु भयो । त्यस पछि मैले धेरै कोशिस गरे मैले धेरै ढिपी गरेपछि बाध्य भएर कामका लागि शहरमा साहुको घरमा पठाउन तयार हुनुभयो ।"

## वैयक्तिक अध्ययन-१०

| | | |
|---|---|---|
| नाम | : | माया गुरुङ |
| उमेर | : | ३२ बर्ष |
| ठेगाना | : | गोर्खा |
| बैवाहिक अवस्था | : | बिवाहित |
| शैक्षिक योग्यता | : | एस.एल.सी पास |

मेरो नाम माया हो । हाल म ३२ बर्षकी भए । मेरो स्थायी घर गोर्खाको पालुङटारमा पर्दछ । अहिले म काठमाडौं स्थित टोखा नजिकै बिद्या शाक्यको घरमा कार्यरत छु । मेरो सुने अनुसार नेपाली महिला र अन्य देशका महिलामा धेरै फरक छ । उनीहरुको ईज्जत छ । मान छ, सम्मान छ । उनीहरु बाठा र सिपमुलक तालिम लिएका हुन्छन् । उनीहरुका हरेक समस्यालाई सरकारले पनि गम्भिरता पुर्वक हेरेको हुन्छ । तर, हाम्रो देशमा त्यस्तो छैन सरकारले कुनै वास्ता गर्दैन हामी जस्तो कम पढेका महिलाले अर्काको घरमा नरकिय जिवन बिताउन बाध्य भएका छौ ।

# अध्याय–आठ

## सारांश र निष्कर्ष

### ८.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा छ अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । जसमा क्रमश अध्याय एकमा अध्ययनको पृष्टभुमी, समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको महत्व र अध्ययनको संगठनको बारेमा चर्चा गरिएको छ । अध्याय दुईमा सैदान्तिक दृष्टिकोण र पुर्व साहित्यको पुनरावलोकन बारेमा उल्लेख गरिएको छ । अध्याय तीनमा अनुसन्धान बिधिको बारेमा चर्चा गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय राखिएको छ । अध्याय पाचँमा अध्ययन क्षेत्रका महिला कामदारको सामाजिक पृष्टभुमि, वर्तमान अवस्था, महिला कामदार र घरमालिक तथा घरमालिकका अन्य परिवारका सदस्यसंगको सम्बन्ध रहेको छ । अध्याय छ मा महिला घरेलु कामदार बन्नु पर्नाका कारण तथा समस्याहरुको बारेमा अध्ययन गरिएको छ । अध्याय सातमा घरेलु कामदारका रुपमा कार्यरत महिलाले समस्या भोग्नुका सामाजिक कारणहरुका बारेमा अध्ययन गरिएको छ भने अध्याय आठमा साराशं र निष्कर्ष राखिएको छ ।

यस शोधपत्र तयारी गर्ने क्रममा टोखा नगरपालिका धापासी क्षेत्रको बसुन्धारा बजारको अध्ययनका लागि छनोटमा परेका २५ जना घरेलु महिला कामदारको अवस्था बारे जाकारी लिन शोधकर्ता स्वयम् प्रत्यक्ष उपस्थित भई प्राथमिक र द्बितिय तथ्याङ्कको प्रयोग गरी सुचनाहरु, तथ्याङ्कहरु सङ्कलन गरी अध्ययन विश्लेषण गरी तयार गरिएको छ । जसमा प्राथमिक तथ्याङ्कको रुपमा अर्न्तरबार्ता सुची, अवलोकन बिधी र ब्यक्तिगत अध्ययन बिधि प्रयोग गरिएको छ । साथै वर्णनात्मक अध्ययन विधिलाई आधार बनाई तथ्याङकको प्रकृतिको आधारमा सङख्यात्मक र गुणात्मक तथ्याङकको आधारमा घरेलु कामदार महिलाको समग्र पक्षलाई मनोविश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

जस मध्ये १० जनाको व्यक्तिगत अध्ययन गरी यो शोध पत्र तयार पारिएको छ । टोखा नगरपालिकामा घरेलु कामदारका रुपमा कार्यरत महिला मध्ये सबैभन्दा बढी २५–३० बर्षका महिला ४० प्रतिशत, जातजातिगत आधारमा सबैभन्दा बढी मगर जाति २८ प्रतिशत, पारिवारिक हिसाबले ६ जना सम्मको परिवार सबैभन्दा बढी जसमा महिला ५ र पुरुष ४ गरी २८ प्रतिशत, धार्मिक बनावटका हिसाबले सबैभन्दा बढी हिन्दु धर्म मान्ने ५६ प्रतिशत, स्थायी बसोबासका हिसाबले हेर्दा

सबैभन्दा बढी सिराहाका २८ प्रतिशत, उत्तरदाताको पारिवारिक पेशागत विवरणका आधारमा कृषि पेशामा सबैभन्दा बढी ४८ प्रतिशत, घरेलु कामदार बन्न आउने माध्यमहरुमा सबैभन्दा बढी नातेदार मार्फत ३२ प्रतिशत, कामको प्रकृतिका आधारमा घरधन्दाको काम गर्ने सबैभन्दा बढी ५६ प्रतिशत, काम गर्ने समयावधिका आधारमा सबैभन्दा बढी ३–४ घण्टा गर्ने ६० प्रतिशत, कामदार बन्नुका कारणमा सबैभन्दा बढी घरेलु हिंसाका कारणले १६ प्रतिशत, कामदार महिलाले पाउने पारिश्रमिक विवरणमा सबैभन्दा बढी ५०००–१०००० सम्म पाउने ७२ प्रतिशत, उत्तरदाताको घरको प्रकृतिका आधारमा सबैभन्दा बढी टिनको छाना, माटो र इट्टाको भित्ता भएको ७६ प्रतिशत, उत्तरदाताको शैक्षिक विवरणमा १–३ सम्म पढ्ने सबैभन्दा बढी ५२ प्रतिशत, उत्तरदाताले पाउने सजायमा सबैभन्दा बढी सम्झाएर गाली पाउने ६८ प्रतिशत, रोगको प्रकृतिका आधारमा सबैभन्दा बढी ज्वरो आउने ३२ प्रतिशत, औषधी उपचार गर्ने तरिकामा हेर्दा सबैभन्दा बढी जाच नगराई पसलबाट औषधी किन्ने ४८ प्रतिशत, घरमालिकसँग राम्रो सम्बन्ध भएका सबैभन्दा बढी ७२ प्रतिशत, घरमालिकका अन्य सदस्य सँगको सम्बन्ध हेर्दा राम्रो सम्बन्ध भएका ६८ प्रतिशत, घरमालिकको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढी कर्मचारी पेशामा संलग्न ४० प्रतिशत र घरमालिकको पारिवारिक आकारलाई हेर्दा सबैभन्दा बढी ४ वा ४ भन्दा कम हुने ६० प्रतिशत पाइयो ।

## ८.२ निष्कर्ष

विभिन्न क्षेत्रमा घरेलु कामदारका रुपमा कार्यरत महिलाहरुको अवस्थामा बिस्तारै सापेक्षित सुधार भएको छ । घर मालिकहरु शिक्षित, कानुन बारे जानकार भएता पनि प्रायः सबैले महिला कामदार राखेको देखियो । यसको मुख्य कारण शहरमा रहेको आर्थिक रुपमा सम्पन्न परिवार, एकल परिवार र श्रीमान, श्रीमती दुबै काममा व्यस्त भएकाले, घर र अफिस दुबैलाई समय दिन गाह्रो हुने भएकाले सबै कुरा बुझ्रै भए पनि भरसक महिला अधिकार हनन नगरिकन, राखेका महिला कामदारलाई खान, बस्न र केही रकम घरको आर्थिक सहयोगका लागि उपलब्ध गराइ दिएर पनि महिला कामदार राखेको देखिन्छ । बर्तमान समयमा महिला कामदारलाई नोकरका रुपमा नभएर परिवारको एउटा सदस्यको रुपमा राखेको देखिन्छ । घरमालिकहरुले कामदारलाई हेर्ने दृष्टिकोणमा धेरै नै सकरात्मक परिवर्तन आएकाले गर्दा उनीहरुले कामदार महिलाहरुलाई काम बिगार्दा पनि गाली गलोज, शारीरिक, मानसिक यातना दिनुको सट्टा सम्झाएर काम सिकाएको देखिन्छ भने कतिपय महिलाहरुले कार्यभार धेरै हुने, तलव सुबिधा नपाउने, मालिकको घर भन्दा बाहिर निस्कने स्वतन्त्रता नहुने, घर भित्रका परिवार लगायत घर वाहिरबाट आउने व्यक्तीबाट समेत यौन

शोषणको सिकार हुनु पर्ने अनेक किसिमका आरोप लगाएर घरबाट निकाल्ने, स्वास्थ्य उपचार समेत नपाउने जस्ता थुप्रै यातना घरेलु महिला कामदारले भोगेको पाइयो ।

घरेलु कामदारका रुपमा कार्यरत सबैजसो महिलाको शैक्षिक स्तर न्युन रहेको छ त्यसैले महिलाहरु आम्दानीको स्रोतबाट टाढा रहेका छन् । रातदिन कृषिकार्यमा संलग्न रहने महिलाहरु नै भएतापनि जग्गाजमिन महिलाको पहुँच बाट टाढा रहेका छन् । महिलाहरु शहर पसी अर्काको घरमा काम गरेर पनि विभिन्न खाले शोषणमा परेर रित्तो हात घर फर्किएका यस्ता महिलालाई समाज र परिवारले नकारात्मक दृष्टिकोणले हेर्ने जसको कारणले गर्दा उनीहरुले ठुलो चुनौती भोग्नु परेको पाईयो । यस्तो अवस्थामा श्रीमानले दोस्रो विबाह गर्ने, सम्बन्ध विच्छेद गर्ने, महिलाको यौन पवित्रता माथि प्रश्न उठाउने, सामाजिक र परिवारिक रुपले स्वीकार नगर्ने, श्रीमान श्रमिती बिचमा तनावको स्थिति सृजना हुने, यस्ता समस्याको सामना गर्नका लागि कुनै विकल्प नदेख्दा महिलाहरु छर छिमेक, नाता कुटुम्वबाट टाढा रहने त्यसको लागि बिभिन्न संघ संस्थाको सहयोग मार्फत जिबनयापन गर्ने गरेको पाईयो ।

कतै कतै घरमालिकले महिला कामदारलाई आफ्ना सन्तान सरह शिक्षादिक्षा, पालन पोषण, समयमै तलब दिने, आफ्ना इष्टमित्र तथा छरछिमेकीसंग भेटघाट गर्न दिने, नम्र बोली र व्यवहार गर्ने जस्ता व्यवहार गरेको भन्ने पनि पाइयो । यसो हुनुमा समयको परिवर्तनसँगै घरेलु महिला कामदार राख्ने घर मालिकहरुको सोचमा परिवर्तन वा सुधार आएको पाइन्छ । खानामा भिन्नता नगर्ने, उपचार खर्च बेहोर्ने, भेदभावपुर्ण व्यवहार नगर्ने जस्ता व्यवहारहरु पाईन्छ । आजकाल पहिले पहिले भन्दा मालिकहरुले घरेलु महिला कामदारलाई राम्रो व्यवहार गर्ने, खाने लाउने व्यवस्था राम्रो गर्ने, टिभी हेर्न दिने तथा घुलमिल हुने आदि गर्ने गरेको पाईन्छ । त्यसै कारणले हाल अधिकांश महिलाहरु आफुले काम गर्ने घर मालिक देखि निकै सन्तुष्ट देखिन्छन् । आफ्नो घर देखि टाढा यहाँ राम्रो लाउने, मिठो खान पाउने, शहर बजार देख्न पाउने, मालिकहरुसँग बसेर टिभि हेर्न पाउने तथा मालिकहरुसँग घुलमिल हुन पाउने जस्ता राम्रो व्यवहार पाईएको कारण उनीहरु आँफुले काम गरेको घर छोड्न चाहदैनन् ।

# REFERENCES


आचार्य, बलराम (२०६६), लैङ्गिक अध्ययन, काठमाडौ : नेशनल बुक सेन्टर, काठमाडौँ भोटाहिटी ।

ओझा, घनानाथ (२०५६), नेपालमा महिलाको स्थिति, काठमाडौ, पैरवी प्रकाशन, पुतलीसडक ।

चापागाई, कुलेन्द्र, (२०७२), कता गए अधिकारवादीहरु, कान्तिपुर दैनिक, ३ मंसिर, पेज २६ ।

के.शी, नवराज (२०६६), नयाँ नेपाल निर्माण : घरेलु कामदारका रुपमा महिलाले खेल्न सक्ने भुमिका, काठमाडौँ : महिला तथा बालबालिका मन्त्रालय ।

टोखा नगरपालिका, (२०६८), घरेलु महिला कामदारको अन्त्य गरौ, सिविन सँगको सहकार्यमा ।

थापा, लिली (२०५९), सामाजिक लैङ्गिक विभेद एक अवधारणा र व्यवहार, सचेतना केन्द्र, काठमाडौँ ।

नेपाली कामदार र एक अध्ययन, (२०१२), काठमाडौँ, निड्स ।

नेपाल विकास अध्ययन संस्थान (२००८), घरेलु कामदारको स्रोत सामाग्री, कमला पुस्तक प्रकाशन काठमाडौ, निड्स ।

नेपालको संविधान, (२०७२), महिलाको हक, कानुन किताब व्यबस्था समिति, काठमाडौ बबरमहल ।

पौडेल, तुल्सीराम (२०६०), लैङ्गिक अध्ययनको रुपरेखा, निमा पुस्तक प्रकाशन, काठमाडौ, प्रदशनीमार्ग ।

प्रधान मल्ल, सपना (२०६७), लैङ्गिक समानताको मुल प्रवाहिकरण, लुम्बिनी प्रकाशन, काठमाडौ बाग बजार ।

बस्नेत, बसन्तबहादुर (२०६५), महिलाको सुरक्षित रोजगार प्रतिवेदन, काठमाडौँ, निड्स ।

भट्टराई, रमेश (२०५५), नेपालमा घरेलु कामदार एक संक्षिप्त अवलोकन, करिएर काउन्सिलिङ्ग सेन्टर प्रा.लि, काठमाडौ, सामाखुसी ।

महिला तथा बालबालिका अध्ययन विभाग, (२०६५), नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०६५), त्रियोजनाको प्रतिवेदन, काठमाडौँ, सिंहदरबार ।

शर्मा, निर्मला (२०६६), घरेलु महिला कामदार र त्यसले पारेको एक समाजशास्त्रीय अध्ययन, केन्द्रिय बिभाग समाजशास्त्र / मानबशास्त्र केन्द्रिय विभाग, काठमाण्डौं, कीर्तिपुर ।

शर्मा, नारायण (२०६७), घरेलु महिला कामदार र त्यसले पारेको एक समाजशास्त्रीय अध्ययन, शोधपत्र : समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, काठमाडौं, किर्तिपुर ।

सुवेदी, प्रतिभा (२०५९), महिला विकासको आधार, नारी चेतना केन्द्र, धापासी, काठमाडौं, नेपाल ।

Acharya M. L. (1981), The status of women in Nepal, vol II, part 9, CEDA, Kathmandu .

A.G frank, (1970), world system approach:depency theory,oxford university, delhi .

Anderson, M. L. (1993), Thinking about women : Sociological Perspectives on domestic worker women, new delhi : zubban publication

Acharya, M. (1994), Statistical profile of Nepalese domestic worker women,Kathmandu : pairavi prakashan.

Acharya, M. (2014), Gender equality and empowerment of women : A status Report, Kathmandu : Gankunja prakashan

Brown, Allen (1950), Women role in economic development, new work, free press, Pp 37-38

CBS, (2016), Women in Nepal some statistical facts

Engles,(1978), the origion of family, second edition, ny, Norton.

International Labour organization, (2012).

International Labour organization, (2016) .

Kinship, Materilineal (1971), The status of women in urban area, university of California press, Pp 96-201.

Marx K. and Engles F. (1968 ), Historical Dialectical Materlism : [1845–46] : 1996.

Marx K. and Engles F.(1968), On Historical Materalism, Mascow :Progress Publication.

Ojha, P. k (2050), Industrial relation of women workers, atharia publication, putalisadak, ktm.

## महिला कामदारहरुको अन्तर्रवार्ताका लागि तयार पारिएको प्रश्नावली

### १ व्यक्तिगत विवरण

नाम : | शिक्षा :
उमेर : | वैवाहिक स्थिती :
जातजाति : | धर्म :
पेशा : | परिवारको किसिम :

१ तपाई कुन ठाउँबाट कामको खोजीमा यहाँसम्म आउनु भयो ?

क. सिराहा    ख. नवलपरासी

ग. तेह्रथुम    घ. अन्य

२. तपाई को मार्फत कामको खोजीमा यहाँ सम्म आईपुग्नु भयो ?

क. आफन्त    ख. छरछिमेक

ग. दलाल    घ. साथीभाई

३. तपाईको परिवारमा कति संख्या रहेको छ ?

क) ४ जना भन्दा कम    ख) ५ जना सम्म

ग) ६ जना सम्म    घ) ७ जना भन्दा बढी

४.तपाई हाल काम गर्ने घरमा दाजुभाई तथा दिदी बहिनीको जस्तो व्यवहार गर्छन कि गर्दैनन?

५.तपाई यहाँ काम गर्न आउनु अगाडि कति पढ्नु भएको थियो ?

क) निरक्षर    ख) साक्षर

ग) प्राथमिक    घ) नि.मा.वि

६. तपाईलाई कुनै रोग लागेको छ ? यदि छ भने कस्तो रोग लागेको छ ?

क.) छाती दुख्ने    ख.) पेट दुख्ने

ग.) टाउको दुख्ने    घ.) अन्य.....

७. बिरामी भएको बखत कसले मद्दत गर्छ ?

.......................................................................

८. तपाई यहाँ काममा आए देखि घरमा बिरामी पर्दा कसले हेरविचार गर्ने गर्छ ?

क) आमाले ख) बाबुले

ग) छोराछोरीले घ) श्रीमानले

ङ) आफन्तले च) कसैले पनि गर्दैन

९. तपाई बिरामी हुँदा कस्तो किसिमको उपचार गर्ने गर्नुभएको छ ?

क) डाक्टर ख) अस्पताल

ग) साधारण घ) प्राकृतिक

१०. तपाई काम गर्न बसेको मालिकको घरमा परिवार संख्या कति छन ?

क. ४ जना ख.५ जना

ग. ६ जना भन्दा बढी

११.तपाई बसेको घरको घरमालिक कुन पेशामा आबद्ध हुनुहुन्छ ?

.......................................................................

१२. तपाईले काम बिर्गादा सजाय पनि पाउनु भएको छ , घर मालिक र परिवारका अन्य सदस्यहरुबाट ?

क. छ ख. छैन

यदि छ भने कस्तो प्रकारको पाउनु भएको छ ?

१३. दिनमा कति घण्टा काम गर्नुपर्छ ?

क.३–४ घण्टा ख.५–६ घण्टा

ग.६–७ घण्टा घ. ८ घण्टा वा सो भन्दा माथि

## केही प्रश्नहरु

- घरेलु कामदार बन्नु पर्नाका कारणहरु ?
- परिवारसँगको सरसल्लाह कि आफ्नै निर्णयबाट अर्काको घरमा काम गर्न पुग्नुभयो ?
- अर्काको घरमा काम गर्न जानुपुर्व तपाईलाई के कस्ता सम्मस्याहरु आइपरे र कसरी समाधान गर्नुभयो ?
- अर्काको घरमा गर्नुपर्ने काम , तलब, सुबिधा, बिदा सम्वन्धी शर्त के थिए ? तपाइलाई के कामको लागि भनेर बोलाइएको थियो ?
- तपाईले काम गर्ने घरमा कति जनाको परिवार छ ?
- तपाईले काम गर्ने घरमा के के कुरामा नियन्त्रण थियो के कुराको स्वतन्त्रता

थियो ? पारिवारिक सदस्य बिचमा कस्तो सम्बन्ध थियो ?

- घर परिवारसँग किन बस्नु भएन ?